# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY






श्रावण पूर्णिमा

जग्गा दान अघि जग्गादाता श्री भोलारत्न शाक्य मन्तव्य व्यक्त गर्नुहुँदै *(फोटो पहिलो)*

जग्गा दाता श्री भोलारत्न शाक्यबाट संघ प्रमुख भिक्षु विशुद्धानन्दलाई जग्गादान गर्नुहुँदै *(फोटो दोश्रो)*

वर्ष- १७ अङ्क- ५ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

## सम्पादकीय

# गुरु पूजा

नेपालमा एउटा राम्रो सँस्कृति परम्परा चलिरहेको छ यो हो गुरुहरूको गुण स्मरण गरी गुरु पूजा गर्ने चलन चल्ती । भगवान बुद्धले भन्नुभएको थियो– सबैले बुझ्नु पर्ने र अनुशरण गर्नुपर्ने मान–सम्मान गर्नुपर्ने, पूजा गर्न योग्य व्यक्तिहरू– बुद्ध धर्म संघ, आमा–बाबु र गुरु हुन् ।

पूजा गर्न योग्य व्यक्तिको पूजा गर्ने गुण धर्म विस्तारै समाजबाट टाढिँदै गएको देखिन्छ । त्यसैले होला हाम्रो देशमा वर्षको एकचोटी बुद्ध जयन्ती मनाएर बुद्धको गुण स्मरण गर्ने चलन चलिरहेको । त्यसपछि वर्षको एकचोटी बाबुको गुण स्मरण गरि मुख हेर्ने पर्व गोकर्ण औंसी भनी छुट्टै दिन राखिएको । त्यसपछि मातातीर्थ औंसी भनी छुट्टै दिन निश्चित गरिएको छ आमाको गुण स्मरण गरि मुख हेर्ने चलन चल्ति छ । त्यस्तै गुरु पूर्णिमाको दिन गुरुहरूको गुण स्मरण गरी गुरु पूजा गर्ने चलन चल्ति छ ।

गत श्रावण १२ गते गुरु पूर्णिमाको दिन धर्मकीर्ति विहारमा, धर्मकीर्ति अध्ययन गोष्ठीले एउटा भव्य समारोह गरि गुरु पूजाको आयोजना गरिएको थियो । गोष्ठीको सदस्यहरूले धर्मको शिक्षा दिने भिक्षु र गुरुमाहरूको गुण स्मरण गरिकन भव्य रूपमा गुरु पूजा गर्नुभयो । यो राम्रो परम्परा र सँस्कृति हो – भन्ने धर्मकीर्तिको धारणा रहेको छ ।

## लोक–नीति

- चण्डाल जस्तो नीचकुलमा जन्म भएको, प्रज्ञा बुद्धि नभएको, समान बल नभएको मानिस पनि धनाढ्य छ भने यो कलियुगमा धन-दौलत भएपछि विशेष मान हुन्छ ।
- संसारमा ढुङ्गाको छाता गह्रौं हुन्छ, त्यो भन्दा देवताहरुको वाणी, त्यो भन्दा पनि बुद्धहरुको उपदेश गह्रौं (गौरबशाली) हुन्छ र अझ त्यो भन्दा पनि भगवान बुद्धको शासन गह्रौ (गौरबपूर्ण, आदरयुक्त) हुन्छ ।
- गुण धेरै नभएतापनि धेरै जना मिलेर गरेको काम जित्नुपर्ने भय उपद्रवलाई जित्न सकिन्छ, जाबो घाँसको त्यान्द्रोले बनाएको डोरीले बलियो हातीलाई समेत बाँध्न सकिन्छ ।
- क्रोधी मानिसलाई सहनशीलता देखाई असत्पुरुषलाई सद्पुरुष भाव देखाई, कप्टी मानिसलाई दान र त्यागको उदारता देखाई, असत्य भूठ कुरा गर्नेलाई सत्य कुरा गरी जित्नुपर्दछ ।

## विषय–सूचि


(१) सम्पादकीय
(२) देवधम्म जातक - प्रकाश बज्राचार्य ---- २
(३) (कविता) पद्नैपर्छ धम्मपद - सुनिल महर्जन ---- ३
(४) (कविता) न्ह् खतं जीवन ह्नेवा - बेखारत्न शाक्य ---- ३
(५) बुद्ध र उहाँको उपदेश केहो बुझ्नुस् - रीना तुलाधर ---- ४
(६) धर्म र आध्यात्मिक शान्ति-२ - वीर्यवती ---- ५
(७) (कविता) बुद्ध - अनगारिका ध्यानवती ---- ६
(८) गौतम बुद्ध र वहाँको गम्भीर धर्म-२ - सुश्री विनीता प्रधान 'प्यासी आरती' - ७
(९) (कविता) धर्मया लँपु क्यनेनु - रविन्द्र शाक्य ---- ८
(१०) संयुक्त निकाय-१० - भिक्षु ज. काश्यप, भिक्षु धर्मरक्षित, अनु. वीर्यवती ---- ९
(११) (कविता) 'मुख्य तत्व' - हरिकृष्ण श्रेष्ठ ---- १०
(१२) सत्यता - हिरण्यराज बज्राचार्य ---- ११
(१३) मेरो चैनपुर-प्रिय चैनपुर - भिक्षु संघरक्षित ---- १२
(१४) बौद्ध सम्यक आजीविकाका लागि भिक्षाटन - मुनीन्द्ररत्न बज्राचार्य ---- १५
(१५) (कविता) अनित्य - सरोज उदास ---- १६
(१६) बुद्ध शिक्षा र व्यवहारिकता - सबिना शाक्य ---- १७
(१७) धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-१३ - प्रेमहिरा तुलाधर ---- १८
(१८) धर्मकीर्ति बिहार-गतिविधि ---- २१
(१९) धर्म प्रचार-समाचार ---- २३


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२

**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**धुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४३
नेपालसम्वत् १११९
इस्वीसम्वत् १९९९
बिक्रमसम्वत् २०५६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

AUGUST, 1999

| वर्ष- १७ | अङ्क- ५ | गुणपुन्ही | पूर्णिमा २०५६ |
|---|---|---|---|





## महामंगल

✿ विद्या र कलाको उपार्जन, सद्व्यवहारको अभ्यास तथा मधुर वाणी यही उत्तम मंगल हो ।

★ ★ ★

✿ माता-पिताको सेवा, स्त्री-पुत्रादिको पालन-पोषण अनि राम्रो तरिकाले गरिएको काम, यही उत्तम मंगल हो ।

★ ★ ★

✿ आदर, नम्रता, सन्तुष्टि, कृतज्ञता अनि समय-समयमा सद्धर्मलाई सुन्नु-यही उत्तम मंगल हो ।

★ ★ ★

✿ सहनशक्ति, मधुर भाषण, सन्तहरूको सत्संगत अनि समय-समयमा धर्मचर्या गर्नु यही उत्तम मंगल हो ।

Downloaded from http://www.dhamma.digital

# देवधम्म जातक

✍ प्रकाश वज्राचार्य

"राजकुमार ! म लज्जित छुँ । राजा हुँ, तैपनि लज्जित छुँ । म तिमीलाई औधि रूचाउँछु, तर गऱ्हौं मनले भन्नु परेको छ कि तिमी र तिम्रो भाई चन्द्रकुमार आजै यो राज्य छोडेर जंगलमा बस्न जाऊ ।" सकी नसकी राजा ब्रह्मदत्तले आफ्नो छोरो महिंसास कुमारलाई भने ।

"बुबा, हजुरको आज्ञा उलंघन गर्ने क्षमता ममा छैन, तर पनि आज अकस्मात हजुरले यस्तो कुरो गरेकोले मलाई छक्क लाग्यो । किन, के भयो ?? बुबालाई सञ्चै त छ ?" महिंसासले सोधिहाले ।

लामो सुस्केरा हाली राजाले भने, "छोरो ! भूल मेरै हो । तिमी र तिम्रो भाई चन्द्रकुमार जन्मिसकेपछि मैले अर्की रानी बिहा गरेर ल्याएँ । तिम्रो कान्छी आमाबाट सूर्यकुमारको जन्म हुँदा मैले तिम्रो कान्छी आमालाई हर्षले अन्धो भई जे भएपनि वर माग भनेको थिएँ । आज आएर सूर्यकुमार जवान भएपछि यो राज्य उसको हातमा पार्नको लागि तिमीहरू दुई जनालाई वनवास पठाउने वर मसंग मागी । आफ्नो वचनमा आफै फसेको छु म ! त्यसैले, छोरो, मलाई माफ गरिदेऊ र आफ्नो भाई चन्द्रकुमार जंगलमा बस्न जाऊ । म मरिसकेपछि फर्केर आई यो राज्य चलाऊ ।"

धेरै कुरा गरिराख्नु मुनासिब हुँदैन भन्ने विचारले महिंसास कुमारले भाई चन्द्रकुमारलाई यो खबर पठाइदियो । यता सूर्यकुमारले पनि चाल पाइहाल्यो । एक त आफ्ना प्यारा दाइहरू, अर्को आफ्नो कारणले उनीहरू वन जान लागेका । उसले सही सकेन; आफू पनि उनीहरूसँग वनवास जान्छु भनी ढिपी गर्न थाले ।

यसरी महिंसास कुमार, चन्द्रकुमार र सूर्यकुमार तीन दाजुभाइहरू जंगलमा वनवास बस्नलाई हिंडे ।

× × ×

घना जंगल । बिहानैदेखि हिंडेर आएकोले थकाइले चूर भई तीनै जना दाजुभाई एक रूखको छहारीमा थकाइमार्न बसे । कपालमा चुहेका पसिना पुछ्दै महिंसासले सूर्यकुमारलाई भने– भाइ, यहाँ नजिकै एउटा तलाउ छ । तिमी गएर त्यहाँबाट मेरो लागि पिउने पानी अलिकति ल्याइदेऊ ।"

"हवस्" भनी सूर्यकुमार तलाउतिर हिंडे ।

धेरै बेरसम्म पनि सूर्यकुमार फर्केर आएन । महिंसास कुमारले अर्को भाई चन्द्रकुमारलाई भने– "सूर्यकुमार त फर्कंदै फर्केन । के गरिराखे होला यति बेरसम्म । जाऊ तिमी गएर हेरेर आऊ । पानी पनि ल्याउनु बरू ।"

"हवस्" भनी चन्द्रकुमार पनि तलाउतिर हिंडे । ऊ पनि फर्केन । धेरै बेर बितिसक्यो । हो न हो कुनै बिपत्ति आइपऱ्यो होला भन्ने ठानी महिंसास कुमार आफैंले तलाउको दिशातिर पाइला चाले ।

जंगलको बीचमा रहेको तलाउ । अति शान्त, अति निर्मल, अति स्वच्छ । चारैतिर सुनसान । आफ्ना भाईहरू कतै पनि देखेन महिंसासले । उनी चकित भए । अकस्मात आफ्नो दाहिनेतर्फ केही आहत भएकोले महिंसासले मुन्टो घुमाए । त्यस्तो बिरान र सुनसान ठाउँमा एकजना मान्छे आफैतिर आइरहेको देखे । उसैसँग महिंसासले सोधे– "दाइ, यहाँ केहीछिन अगाडि मेरा दुई भाईहरू आएका थिए । उनीहरू अहिले बेपत्ता छन् । तपाईले देख्नुभएको छ कि ?"

मुसुक्क हाँसेर त्यो मान्छेले भने– "हो, देखेको छु । मैले नै ती दुई जनालाई समाति राखेको हुँ ।"

"किन नि ?!"

"हेर्नुस्, म वास्तवमा एक राक्षस हुँ । यो तलाउमा पानी खान आउने सबैलाई समात्ने अधिकार ममा छ ।"

"सबैलाई !?"

"हो सबैलाई ! ती सबैलाई जसले मलाई देव धर्मको व्याख्या गर्न सक्दैन, ती सबैलाई जसले देव धर्म बुझेको छैन । तिम्रा भाईहरूलाई पनि देव धर्म आउँदैनथ्यो । पहिलोले 'चन्द्र सूर्य नै देव धर्म हो' भने, अर्कोले 'चारैदिशा देव धर्म हुन्' भने । त्यसैले ती दुवै मेरो अधिनमा छन् अहिले ।"

एकैछिन घोरेर महिंसासले भने– "त्यसो भए तिमी देव धर्म के हो जान्न चाहन्छौ होइन त !? म तिमीलाई देव धर्म के हो भनी भन्छु ।"

राक्षस खुसी भएर भने– "त्यसो भने उपदेश गर्नुस् ।"

महिंसासले स्नान गरी आफूलाई शुद्ध पारी एक ठाउँमा राम्ररी आसन जमाई देव धर्मको व्याख्या गर्न शुरू गरे– "संसारमा हिरि (=लोक लज्जा) र ओत्तप्प (=लोक निन्दा) को भय हुनु नै देव धर्म हो । यसैमा समाज (टिकेको



Downloaded from http://www.dhamma.digital

छ । यसैमा नैतिकता बाँचेको छ । पाप कर्मबाट मानिसहरूलाई टाढा राख्ने क्षमता यसैमा छ । मानिसहरू अरूको अगाडि, समाजको अगाडि गर्नु नहुने अनैतिक कामहरू सामाजिक लाजले गर्दैनन्; त्यस्तै समाजबाट निन्दा हुने डरले कतिपय कुकर्महरूबाट टाढा रहन्छन् । यी लोक लज्जा र लोक निन्दाको भयले नै समाजलाई समाज बनाएको छ; नैतिकताको अस्तित्व जोगाएको छ; कुकर्मलाई पन्छाएको छ । यही नै देव धर्म हो । यही नै ..."

यो धर्मदेशना सुनेर राक्षस अति प्रसन्न भए । भने– "पण्डित ! म तपाईको आभारी छुँ । तपाईले मलाई देव धर्मको व्याख्या गर्नुभयो । म तपाईको दुई भाईहरूमा एकलाई फर्काइदिन्छु । भन्नुस्, तपाई कसलाई लग्नु हुन्छ ?"

"कान्छो भाई सूर्यकुमारलाई ल्याऊ ।"

"पण्डित ! गजब ! आफ्नो जेठो भाई छोडेर, एकै कोखका सन्तानलाई छाडेर कान्छोलाई माग्छौ । तिमीलाई देव धर्मको व्याख्या गर्न आउँछ, तर अनुसरण गर्न आउँदो रहेनछ ।"

"यक्ष ! देव धर्म बुझेको कारणले नै मैले यसो गर्न लागेको हुँ । जुन भाईको लागि हामीले वनवास बस्नुपर्‍यो, जुन भाईले हातमा आएको राज्यलाई छाडी हामीसंगै वनवासमा आए, उसलाई नलिइकन हामी मात्रै कसरी फर्कने ? अरूले के भन्ला ? समाजले के सोच्ला ? यही लोक लज्जा र लोक निन्दाको कारणले मैले कान्छो कुमार माग्दैछु ।"

"साधु, साधु, साधु !!! तपाईलाई साँच्चै देव धर्म आउँदो रहेछ । तपाईका दुई भाईलाई म फर्काउँछु ।" राक्षसले भने ।

"यक्ष ! तिम्रा पुराना नराम्रा कर्महरूले गरेर अहिले राक्षस हुनुपर्‍यो । अब पनि यस्तै काम किन गर्छौ ? कुकर्म छाडी सुकर्ममा लाग ।" भनी उपदेश दिएर महिंसासले यक्षलाई पनि बोध गरे ।

× × ×

केही वर्षपछि आफ्नो बुबाको देहान्त भएको खबर आएपछि महिंसास कुमार आफ्नो देशमा फर्केर आई धर्मपूर्वक राज्य चलाउन थाले ।

❁ ❁ ❁

**यो जातक भगवान्‌ले धेरै सामान थुपार्ने एकजना भिक्षुको कारणले भन्नुभएको हो । यसमा महिंसास कुमार हुने स्वयं बोधिसत्व बुद्ध हुनुहुन्थ्यो ।**

■

## पद्‌नैपर्छ धम्मपद

✍ सुनिल महर्जन
*बौद्ध युवा कमिटी, ललितपुर*

**बौद्धहरूको अधिकार हनन हुन्छ**
**बुद्ध जन्मभूमी देशमा**
**मन्त्रीहरूको सम्मान हुन्छ**
**भ्रमण गर्दा विदेशमा**
**बुद्धको जन्मभूमी नेपाल भनी**
**लुम्बिनीलाई विकास नगरी**
**भाषण गर्दै हिंड्छन् सारा विश्वभरी**
**पञ्चशीललाई पालन नगरी**
**पञ्चशील भनेको थाहा नहुनेले**
**सम्हाल्छ लुम्बिनीको गरिमामय पद**
**भन्तेहरू को भन्ने नजान्नेले**
**पद्‌नैपर्छ बुद्धको अमृतमय वचन धम्मपद**

## न्ह् खतं जीवन हनेवा

✍ बेखारत्न शाक्य

**बुद्धया शरणे झी वनेवा**
**ल्यंदुगु जीवन भिंक छ्यले वा ॥धु॥**
**काल व कर्म घाना झीसं**
**न्ह्याका च्वनागु थ्व जीवन**
**मृत्यु लुमंका धर्मे च्वना**
**राग व द्वेष तोता छ्वय्‌वा ।**
**बुद्ध लुमंका चाला बांलाका**
**न्ह् खतं नख: झी हनेवा**
**ला थ्वं अएला त्याग याना**
**पंचामृत भोजन यायेवा ।**
**बौद्धया कर्तब्य छक: सीका**
**धात्थेंम्ह बौद्ध जुया च्वनेवा**
**बुद्धं क्यंगु अमृत तोना झी**
**दु:खं मुक्त झी जुई वा ॥**



Downloaded from http://www.dhamma.digital

# बुद्ध र उहाँको उपदेश केहो बुझ्नुस्

✍ रीना तुलाधर

हरेक सालझैं यो साल पनि मनाउँदै छौं हामी- वैशाख पूर्णिमा- बुद्ध जन्मनु भएको दिन, बुद्धत्व प्राप्त गर्नुभएको दिन, बुद्ध महापरिनिर्वाण हुनुभएको दिन । वैशाख पूर्णिमा- मनाउँछौं हामी धुमधामसँग कुनै एउटा चाडपर्व झैं । तर के हामीले बुद्धलाई चिनेका छौं, बुद्धको धर्मलाई बुझेका छौं, बुद्धको धर्मलाई अपनाएका छौं ?

यदि बुद्धलाई हामीले भगवान्, ईश्वर अथवा कतै ईश्वरको अवतारको रूपमा मान्दैछौं भने हामीले गल्ती गर्दैछौं । किनकि उहाँ कुनै भगवान्, ईश्वर वा ईश्वरका अवतार बिलकुल होइनन् । उहाँ मात्र एउटा मानव हुनुहुन्थ्यो । तर तपाई हामी जस्तै साधारण मानिस हुनुहुन्नथ्यो उहाँ । उहाँ हुनुहुन्थ्यो स्वयं बोधिज्ञान प्राप्त गर्नुभएका सम्यक् सम्बुद्ध, एउटा असाधारण मानिस । उहाँको जन्म, जीवनकाल र मरण एउटा मानिसकै प्रकृतिअनुसार भयो न कि कुनै ईश्वरीय चमत्कारको रूपमा । श्रद्धा र भक्तिको कारणले उहाँको जीवनीको सम्बन्धमा अनेकौं चमत्कारी घटनाहरू, कुराहरू थपियो पछि गएर बौद्ध ग्रन्थहरूमा जसको फलस्वरूप आज हामी भ्रममा पर्न गएका छौं । बुद्ध पनि कुनै ईश्वरीय शक्ति हुनुहुन्नथ्यो । बुद्धले आफूलाई कहिल्यै ईश्वर वा ईश्वरको प्रतिनिधि भनेर दाबी गर्नु भएन । स्वयं बुद्धले यसरी भन्नुभयो- "धर्मको सम्बन्ध मानिस र ईश्वरसँग हुँदैन बरू मानव मानवको बीचमा धर्मको सम्बन्ध हुन्छ । ईश्वरको अस्तित्वबारे न कुनै प्रमाण छ, न त कुनै अनुमान गर्नसक्ने आधार छ, त्यसैले ईश्वर भनेको कल्पना हो ।" (तेविज्ज सुत्त, दीघ निकाय, सुत्त पिटक ।) बुद्ध धर्म अनिश्वर वादी धर्म भन्ने प्रमाण बौद्ध ग्रन्थहरूमा विभिन्न ठाउँमा भेटिन्छ जस्तै-पाठिक सूत्र, महानिदान सूत्र, ब्रह्मजाल सूत्र, महापरिनिब्बान सूत्र, (दीघ निकाय) द्रोण लोक सूत्र, चतुक्क निपात, अंगुत्तर निकाय, ब्राह्मण सूत्र, संयुक्त निकाय इत्यादि ।

सिद्धार्थले बुद्धगयामा बुद्धत्व प्राप्त गरिसकेपछि बुद्धत्व प्राप्त गरेको खुशीमा बोल्नुभएको प्रथम उदान वा प्रीति वाक्य वा प्रथम बुद्ध वचनमा उहाँले घोषणा गर्नुभएको थियो- "उहाँको यो अन्तिम जन्म हो ।" "अनेक जाति संसारं ... गहकारक दिटठोसि ... पुनगेहं न काहसि ... तण्हानं खय मज्झगा ।" स्पष्टत: बुद्धले यो अन्तिम जन्म भनेर घोषणा गर्नुभएको छ भने कहाँ ईश्वरको नवौं अवतारले दशौं अवतार लिनु ?

प्रत्येक मनुष्यले प्रयत्न गरेमा 'बुद्धत्व' प्राप्त गर्न सक्छ अर्थात् बुद्ध हुनसक्छ- यो बुद्धको दावा हो । मनुष्य रूपमा जन्मेर नै उहाँले संसारलाई पवित्र धर्म प्रदान गर्नुभयो । मनुष्य भएर बाँच्नु भयो र मनुष्यकै रूपमा मर्नुभयो । ईश्वरीपनको गन्ध पनि छैन उहाँको जीवनीमा । जबसम्म बुद्धलाई एक मनुष्यको रूपमा अध्ययन गरिदैन उहाँको शिक्षा र उपदेशलाई सही रूपमा बुझ्न सकिन्न ।

बुद्ध धर्म अनिश्वरवाद मात्र होइन, अनात्मवाद पनि हो । बौद्ध दर्शनमा आत्माको स्थान छैन । बुद्धको समयमा एउटा मत थियो जसले आत्मालाई मान्थ्यो, यसलाई नित्य, शाश्वत मान्थ्यो अर्थात् नित्यवाद, शाश्वतवाद । अर्को एउटा मत थियो जसअनुसार शरीरबाट अलग्ग कुनै आत्मा छैन । शरीरमा भिन्न भिन्न परिणाममा मिश्रित रसको कारण उष्णता र चेष्टा हुन्छ । शरीरमा रसको परिमाण कम हुँदै गएपछि चेष्टा पनि हुँदैन । मृत्युपछि केही बाँकी रहन्न अर्थात् त्यो मत थियो उच्छेदवाद, विनाशवाद ।

बुद्धले यी दुइटै चरम सीमाका सिद्धान्तलाई छोडेर मध्यमको मार्ग भेटाउनु भयो । बुद्धले भन्नुभयो- "आत्मा कुनै नित्य तत्त्व होइन बरू चार महाभूत (ठोस, तरल, अग्नि र वायु) र मन वा चित्तको योगले निस्केको एउटा शक्ति हो जुन अन्य वाह्य भूत झैं क्षण-क्षण उत्पन्न हुन्छ र विलीन हुन्छ" अर्थात् क्षणिकवाद । पुराना उपनिषदका दार्शनिक तथा अरू कतिपय आचार्यहरूले नित्य, ध्रुव, अविनाशी तत्त्वलाई जुन आत्मा भन्थे त्यस आत्माको अस्तित्व बुद्धको भौतिक दर्शनमा छैन जुन कुरा बौद्ध दर्शनको प्रमुख आधार 'प्रतीत्य समुत्पाद' बाट स्पष्ट हुन्छ । बुद्धले प्रतीत्य समुत्पादको जुन महान् र व्यापक सिद्धान्त आफ्नै ध्यान भावनाको अनुभूतिमा भेटाउनुभयो त्यसलाई व्यक्त गर्न त्यो समयको पालि भाषामा शब्द नपुग थियो । अत: बुद्धले आफ्नो विचार प्रकट गर्न "प्रतित्य समुत्पाद" शब्द प्रयोग गर्नुभयो । "अस्मिन् सतिं इदं भवति" यो कारणले यो हुन्छ, एउटा नाश भएपछि अर्को उत्पन्न हुन्छ ।" यही नियमलाई बुद्धले प्रतीत्य समुत्पादको नाम दिनुभयो । जसअनुसार जबसम्म मनुष्यमा अविद्या (चार आर्य सत्यलाई नबुझ्नु) रहिरहन्छ उसको संसार चक्र चलिरहन्छ, उसको मन, चित्त वा आत्मा भनाउँदा कुरा रहिरहन्छ । जब मूल जड वा कारणको रूपमा रहेको अविद्या क्षय हुन्छ उसको संसार चक्र वा भव चक्र चल्न बन्द हुन्छ । उसको मन, चित्त वा आत्मा भनाउँदा कुरा पनि हमेशाको लागि विलीन हुन्छ, क्षय हुन्छ, नाश हुन्छ, केही बाँकी रहन्न, शून्य हुन्छ । उपनिषदमा त्यत्रो मेहनत गरेर स्थापना गरेको आत्माको महान् सिद्धान्तलाई प्रतीत्य समुत्पादी बुद्धले अति तुच्छ गरेर भन्नुभयो- "जुन यो मेरो आत्मा, अनुभवकर्ता हो अनुभवको विषय, राम्रा नराम्रा कर्मको विषयमा अनुभव गर्छ त्यो मेरो आत्मा नित्य, ध्रुव, शाश्वत, अपरिवर्तनशील हो, अनन्त वर्षसम्म त्यसरी नै रहिरहन्छ भन्ने धारणा-यही हे भिक्षुहरू ! केवल भरपूर मूर्ख विश्वास हो ।" "अयं भिक्खवे ! केवलो परिपुरो बाल धम्मो" । मज्झिम निकाय १।१।२।, सब्बासव सुत्त, । ■



Downloaded from http://www.dhamma.digital

# धर्म र आध्यात्मिक शान्ति-२

✎ वीर्यवती

भिक्षुले उपदेश दिनुहुँदै संसारका हरेक चीजवस्तु र प्राणीहरू अनित्य र क्षणिक रहेको कुरो बताउनु हुँदै आफ्नो चित्तलाई बाहिरी वातावरणमा भुलाई अर्काले के गऱ्यो के गरेन भन्ने विषयमा अध्ययन गर्ने होइन आफूले के गरें र के गरिन भन्ने विषयमा मात्र ध्यान दिने। अनि आफ्नो शरीर भित्र कसरी उत्पत्ति र विनाशको चक्र चलिरहेको छ, त्यसलाई अध्ययन गर्नु भनी विपश्यना विधि सिकाउनुभयो।

बुढोले खूब ध्यान दिएर भिक्षुको उपदेश सुन्यो र ध्यान गर्ने विधि राम्ररी सिक्यो। भोलिपल्ट भिक्षु आफ्नो ठाउँमा फर्कनुभयो।

बुढोले बिहान बेलुका आफूलाई पुऱ्याउन ल्याएको खाना खान्थ्यो र दिनभरी आफ्नो फुर्सदको समयमा ध्यान गर्थ्यो। यसरी उसले आफ्नो चित्तलाई आफ्नै शरीर भित्र के भइरहेको छ, त्यस विषयमा अध्ययन गराउन थाल्यो।

पहिला आफ्ना छोरा बुहारीले हेपेको दृश्यलाई मात्र सम्झँदै चित्त दुःखाई रोएर दिन बिताउने बुढोले त अब त्यसरी अरूलाई अध्ययन गर्ने छोडी आफ्नो अध्ययनमा लागि ध्यान गरेर समयको सदुपयोग गर्न सिक्यो। यसरी उसले १२ वर्षसम्म ध्यान गरी बिस्तारै उसको मनले यथार्थ ज्ञानलाई बुझ्ने शक्ति उत्पन्न गर्न थाल्यो। यसलाई प्रज्ञा भनिन्छ।

ध्यान गर्न नजानेको बेला उसको मनमा छोरा बुहारीले सेवा गराउने इच्छा (राग) उत्पन्न हुन्थ्यो। तर त्यो इच्छा पूरा नभएपछि रीस (द्वेष) उत्पन्न हुने गर्थ्यो। यसरी यथार्थ ज्ञानलाई प्राप्त गर्न नसकेसम्म चित्तमा राग र द्वेष उत्पन्न भएर खूब सताउने गर्थ्यो। तर ध्यान गरी प्रज्ञा उत्पन्न भइसकेपछि बुढोले थाहा पायो "पहिला उसले अज्ञानता (मोह) मा परी ब्यर्थको कल्पना गरी राग द्वेषलाई निम्त्याई मानसिक अशान्ति थप्दै थियो।" तर अहिले यथार्थ ज्ञान प्राप्त गरिसकेपछि उसलाई आफ्ना छोरा बुहारीहरूको सेवाको आशा रहेन। उ आफ्नै ध्यानमा तल्लिन रहे। अब बुहारीहरूले हेपे पनि गिज्याए पनि उसको चित्त दुःखेन। रीस पटक्कै उठेन। बरू उसले यसरी सम्झने गर्थ्यो–

"बिचराहरू अज्ञानी छन् के गर्नु। उनीहरूले पनि यसरी नै ध्यान गरी राग, द्वेष हटाउने ज्ञान प्राप्त गरेको भए राम्रो हुन्थ्यो। यसरी उसको मनमा आफ्ना छोरा बुहारीहरूप्रति मैत्री भावना उब्जन थाल्यो। पहिला द्वेषको कारणले छोरा बुहारीहरू देख्ने बित्तिकै रीसाउने बुढोको मनमा त अब मैत्री, करूणारूपी शीतल र निर्मल भावनाले ठाउँ लिन थाल्यो। यसरी दिन प्रति दिन ज्ञान बृद्धि गरी बुढोको मनमा मानसिक शान्तिले ठाउँ लिन थाल्यो। यसैलाई अध्यात्मिक शान्ति भनिन्छ। आध्यात्मिक शान्ति नै सक्कली र नित्य सुख हो। तर भौतिक सुख अनित्य र नक्कली सुख हो।

यसरी बुढोको मनमा नित्य मानसिक सुखले भरिरहेको कुरो खाना पुऱ्याउन आउने बुहारीहरूलाई के थाहा ? उनीहरूलाई यस विषयमा चासो लिइरहने फुर्सद पनि थिएन, चाहना पनि थिएन।

एकदिन उनीहरूको घरमा ठूलो भोज थियो। दिनभरी भोजको अलमलले कसैलाई फुर्सद भएन। बेलुकीपख बल्ल एकजना बुहारीले बुढो बालाई खाना पुऱ्याउन जानुपर्ने कुरालाई झल्यांस सम्झेछ। अनि खाना लिएर "यो बुढो भएसम्म यस्तै अलमल मात्र भैरहन्छ" भन्दै रीसाउँदै खाना पुऱ्याउन निस्क्यो। जब उनी कुटी बाहिर पुगिन् तब उनीले कुटी भित्रबाट तेजिलो शक्ति (प्रकाश) निस्किरहेको देखिन्। यो देखेर उनी तर्सिन्। अनि डरले कुटी भित्र जाने शाहस गरिनन्। खाना त्यहीं बाहिर छोडेर घर फर्किन् र परिवारका सदस्यहरू सबैलाई यो अचम्मको कुरा बताइन्। यो कुरो सुनी सबै छक्क परे। उनीहरू सबै मिलेर कुटीमा हेर्न पुगे। तर कुटी भित्रबाट तेजिलो प्रकाश निस्किरहेकोले सबैले कुटीको प्वालबाट मात्र चिहाए। तर भित्र जाने शाहस कसैले गर्न सकेनन्। बुढाका छोरा बुहारीहरू सबैको डरले कान ठाडो भए। बच्चाहरू सबै आ-आफ्ना आमाहरूको पछाडि लुक्न गए। उनीहरू डरले काम्न थाले। अनि उनीहरूले सल्लाह गरे– "यो राती कुटीमा पस्न ठीक छैन। किनभने अहिले बुढो बाको अन्तिम



Downloaded from http://www.dhamma.digital

समय आइपुगेको हुनुपर्छ। त्यसैले उहाँलाई यमदूतहरूले लिन आइरहेका होलान्। ती यमदूतहरूले बुढाबालाई घेरा लगाइराखेकोले उनीहरूकै प्रकाश कुटीबाट निस्किरहेको हुनुपर्छ। त्यसैले भोलि बिहान मात्रै यहाँ हेर्न आउनु पर्ला।"

यति भनेर उनीहरू सबै घरतिर फर्के। तर उनीहरू रातभरी डरले सुत्न सकेनन्। भोलिपल्ट बिहानै उनीहरू बुढोबालाई हेर्न कुटीतिर लम्के। उनीहरूले बुढो बा मरिसकेको अनुमान लगाउँदै निस्केका थिए। तिनीहरूमध्ये कसैले त बुढो मऱ्यो अब बल्ल हलुंगो भयो भन्दै सन्तोषको श्वास फेर्दै गएका थिए। तर जब उनीहरू कुटीतिर पुगे, तब बुढो बा त कुटीबाट बिस्तारै निस्किरहेको देख्यो। बुढोबाको अनुहार त पहिला भन्दा निक्कै फूर्तिलो र तेजिलो देखिन्थ्यो। बुढोबालाई यसरी देख्ने वित्तिकै छोरा बुहारीहरू त्यसै बस्न सकेनन्। सबैले बुढाबाको महत्त्व बुझ्न थाले। अनि सबै मिलेर उहाँलाई वन्दना गर्न थाले। छोरा बुहारीहरू सबैले बुढोबालाई पहिला उनीहरूले गरेका कुकर्महरूबाट पछुताउन थाल्यो।

यो घटना परिवारमा मात्र सीमित नभई टोलभरी फैलियो। अनि के चाहियो, बुढो बाजेलाई दर्शन गर्न मानिसहरूको ओइरो लाग्यो। सम्यक् ज्ञानले सम्पन्न बुढो बाजेले आफूलाई भेट्न आउने सबैलाई मैत्रीपूर्वक विपश्यना ज्ञान सिकाउँदै आफ्नो स्वअध्ययनबाट प्राप्त भएको यथार्थ ज्ञान सिकाउन थाल्यो। यो ज्ञान सिकेर धेरै जसोले आ-आफ्नो जीवन सुखमय बनाउन सफल भए।

यसरी पहिला काम नलाग्ने बुढोको रूपमा फालिएको बुढोले शील र समाधिको बलले आफूले आफैलाई अध्ययन गर्दै मानसिक शान्ति प्राप्त गर्न सफल भए। अरूलाई पनि यही अमूल्य शान्ति प्राप्त गर्ने विधि सिकाउँदै उ गुरु बन्न सफल भए। उही गुरु १०० वर्ष भन्दा पनि बढी उमेर पुगेपछि एकदिन परलोक हुनुभयो।

यसरी यस घटनाबाट हामीले थाहा पाउन सक्छौं, सक्कली सुख (मानसिक शान्ति) पाउनको लागि आफैले अभ्यास गर्नुपर्दो रहेछ। कसैको भर परी शान्ति खोज्नु, मूर्खता हुँदो रहेछ। त्यसैले हामीले पनि यसरी नै बुद्धले देखाउनु भएको मार्ग शील, समाधिको तह नाघी प्रज्ञा प्राप्त गरी आध्यात्मिक शान्ति प्राप्त गर्न प्रयास गरौं। यसको लागि हामीले अरूहरूको दोष औंल्याउँदै दिन बिताउने बानीलाई त्यागी आफ्नो खराब आचरणहरूलाई मात्रै खोतल्दै फाल्ने बानीको अभ्यास गरौं। आफूभित्र चलिरहेको उत्पत्ति विनाशको धारलाई ध्यानद्वारा पत्ता लगाई संसारको यथार्थ स्वभावलाई चिन्न सकौं। अनि आफूभित्र उत्पन्न भएको प्रज्ञाको सहयोगले आध्यात्मिक शान्ति प्राप्त गर्न सफल होऔं। यही नै हाम्रो जीवनको अमूल्य लक्ष्य र सुखमय जीवन बिताउने अमूल्य धर्म हुनेछ। ■

# बुद्ध

✍ **अनगारिका ध्यानवती**

*धर्मकीर्ति विहार*

जन्मनु भयो लुम्बिनीमा बुद्ध,
सारा पृथ्वी नै उज्यालो भयो।
सैशवकाल बित्यो कपिलवस्तुमा
सबैमा हर्ष उल्लास छायो॥

राज वैभव त्याग्यो ज्ञानको निमित्त,
अज्ञानी हामीहरूलाई सुख दिनको निमित्त॥
तपश्या गरी छ वर्ष बितायो गयाको वनमा,
ज्ञान प्राप्त गरी बुद्ध हुनुभयो पिपलको छहारीमा॥

खुलायो ज्ञानको मार्ग सारनाथ वनमा,
विश्वभरी शान्ति चैन लहरायो।
असंख्य अज्ञानीहरूलाई धर्म चेतना जगायो,
जन-जन मनमा शान्ति मुस्कुरायो॥

विश्वभरी फैलियो शान्ति सन्देश चीर काल,
बुद्ध पनि हुनुभयो ८० वर्षको काल।
कुशीनगरको पावा वनमा मनोहर शाल
अनि बुद्ध लेत्नुभयो सदा चीर काल॥



Downloaded from http://www.dhamma.digital

# गौतम बुद्ध र वहाँको गम्भीर धर्म-२

✍ सुश्री विनीता प्रधान "प्यासी आरती"

भगवान बुद्धले ३५ वर्षको उमेर देखि ४५ वर्षसम्मको अन्तरालमा यही नै चतुआर्य सत्य र आर्य अष्टांगिक मार्गको मर्म त्यसबेलाका जनपदहरूमा व्याख्या गर्दै बहुजन हिताय बहुजन सुखायको लागि अनेक दुःख कष्ट झेलेर घुमन्ते जीवन शैलीमा उत्तर र मध्य भारतमा आफ्ना उच्च विचारहरू प्रचार गर्दै विभिन्न वर्गका मानिसहरू, नर नारीहरूलाई धर्मको रसको स्वाद चखाउँदै, धर्मदेशना गर्दै, प्रव्रजित गराउँदै, उनीहरूमा शील, समाधि, प्रज्ञाको अभ्यास गर्न लगाउनु भई त्यसबेलाको जनसमुदायमा एक अद्‌भुत किसिमको, अनौठो प्रकारको, दुर्लभ भइराखेको सुख-शान्ति स्थापना गर्नुभएको थियो । सुख-शान्ति कायम राख्ने क्रममा, जन जीवन व्यवस्थित, सभ्य र सफल तुल्याउने क्रममा त्यस बेलाको लागि यो एउटा नौलो चुनौति, दार्शनिकको साथै मानसिक क्रान्ति नै थियो । लाखौं व्यक्तिहरूले भगवान् बुद्धले देखाउनु भएको सही पवित्र मार्गमा जांगर र जागरण दर्शाई वहाँको शान्तिको क्रान्तिमा तन मन धन दिई सक्रियताका साथ सहभागी भएको कारण ४५ वर्ष भित्र लाखौंको संख्यामा त्यसताका दुःखको सागरमा पौडिरहेका, सामाजिक जंजालमा फसिरहेका, मनमा अशान्ति भएर आकुल-व्याकुल भइरहेकाहरूले मार्ग फल, निर्वाण फल प्राप्त गर्नुभयो, संधै संधैको लागि फेरि कहिल्यै पनि जन्म लिनु नपर्ने, कष्ट भोग्नु नपर्ने किसिमले दुःखबाट मुक्ति, छुट्कारा पाउनु भयो ।

भगवान् बुद्धको असीम परोपकारी, उदारवादी व्यक्तित्व वहाँको जन्मदेखि लिएर अन्तिम महापरिनिर्वाण हुने बेलासम्मको समयमा के कस्तो थियो भन्ने कुरा यस अन्तरालमा घटेका कृयाकलापहरू, घटनाहरू आफै बोल्छन् । आयुष्मान कौण्डन्य र अरू पञ्चवर्गीय भिक्षुहरूप्रति जति करूणायुक्त चित्त र परोपकारी भावले वहाँले सर्वप्रथम धर्मदेशना गर्नुभई धर्मको चक्र प्रवर्तन गर्नुभयो, उत्तिकै उदारवादी मनले वहाँले सुभद्र परिव्राजक र अरू उपस्थित भिक्षु-भिक्षुणीगण, उपासक-उपासिकालाई अन्तिम समयसम्म पनि धर्म विनय र आर्य अष्टांगिक मार्गको मर्म अववोध गराउन पछि पर्नु भएन, झन्झट मान्नु भएन । त्यस समय कुशीनगरमा सुभद्र परिव्राजकले भगवान् बुद्ध त्यही दिन परिनिर्वाण भएर जाने खबर पाई, "ओहो, संसारमा बुद्ध उत्पन्न हुनु, उदय हुनु अत्यन्त दुर्लभ हुन्छन् भनी मेरा गुरुजनहरूले संझाउँथे" भनी उनी हतार हतार दौड्दै भगवान बुद्ध भएको स्थानमा गए । तर आनन्द स्थविरले अन्तिम अवस्थामा पुगिसकेका भगवान् बुद्धलाई कष्ट दिनु उचित हुँदैन भनी त्यस सुभद्रलाई बुद्धसित भेट गराई दिएनन् । यो कुरा बुद्धलाई थाहा भयो र आनन्द स्थविरलाई बोलाई आज्ञा गर्नुभयो– "आनन्द ! संसारमा बुद्धको उत्पत्ति दुर्लभ छ । त्यस्ता दुर्लभ बुद्धको दर्शन गर्ने, वहाँसित भेटी कुरा गर्ने समय अब धेरै बाँकी छैन । तसर्थ सुभद्रलाई यहाँ पठाइदिनु । उनी बुद्धलाई यस अन्तिम घडीमा दुःखै दिने नियतले आएको होइन, केवल धर्म संबन्धी नबुझेका विषयको केही सोधपुछ गर्ने अभिप्राय राखेर आएका हुन् ।" भगवान् बुद्धको उदारवादी मनसाय बुझी वहाँको आज्ञानुसार आनन्द स्थविरले उनलाई बुद्ध छेउ लगिदिए । भगवान्‌लाई श्रद्धापूर्वक सादर प्रणाम गरी उनले प्रश्न गरी हाले– "भो भन्ते ! सबैले आ-आफ्नो सम्प्रदाय श्रेष्ठ ठान्दछन् । यी कुरा ठीक छ कि बेठीक ?" भगवान् बुद्धले उत्तर दिनुभयो– "हेर सुभद्र ! तिम्रो यस प्रश्नको जवाफ दिने यो समय होइन । बरू म तिमीलाई धर्मोपदेश गर्छु, तिमी ध्यान दिएर सुन ।" यति भनी वहाँले उपदेश शुरू गर्नुभयो– "सुभद्र ! जुन धर्म विनयमा आर्य अष्टांगिक मार्ग छैन, त्यस धर्म विनयमा श्रमणहरू पनि हुँदैनन्, जुन धर्म विनयमा आर्य अष्टांगिक मार्ग हुन्छ, त्यस धर्म विनयमा श्रमणहरू हुन्छन् । सुभद्र ! यदि भिक्षुहरूले राम्ररी धर्माचरण गरेर बसेको खण्डमा यस लोकमा अरहन्तहरू बिलाउने छैनन् ।" यो धर्मोपदेश सुनी सुभद्र परिव्राजक मार्गफल लाभ गरी अरहन्त भए । अरहन्त भइसकेपछि भगवान्‌संग प्रव्रज्या र उपसम्पदा प्रार्थना गरी मागी लिई भगवान्‌संगै परिनिर्वाण हुनुभयो । भगवान् बुद्धको कृपा, वहाँको उदारवादी भावनाको कारण अन्तिम समयमा भगवान्‌संगै परिनिर्वाण भएर जाने अन्तिम श्रावक यी आयुष्मान् सुभद्र नै हुन् । त्यसपछि भगवान् बुद्धले त्यहाँ भेला भएका, शोकमा व्याकुल भइराखेका भिक्षु-भिक्षुणीगण, उपासक उपासिकाहरूको समूहलाई अन्तिम उपदेश दिनुभयो– "संस्कार सबै अनित्य छ भन्ने बुझी अप्रमादी, होशियारी भई राम्रोसंग स्मृति, होश राखी गुण-धर्म संपादन गरिलिने कोशिश गर, मेहनत गर !" यसपछि



Downloaded from http://www.dhamma.digital

वहाँ क्रमैसित प्रथम ध्यान, द्वितीय ध्यान, तृतीय ध्यान, चतुर्थ ध्यानमा बस्नु भयो र त्यसै ध्यानबाट महापरिनिर्वाण हुनु भयो । यसप्रकारले महाकारूणिक तथागत सम्यकसम्बुद्ध ८० वर्ष पूर्ण भएकै दिन वैशाख पूर्णिमाको रात समस्त संस्कारको अनित्य भाव देखाई, आफू स्वयं निदर्शन भई कुशीनगरमा साल वृक्ष मुनी अनुपादिशेष महापरिनिर्वाण हुनुभयो ।

यसरी वैशाख पूर्णिमाको दिन सिद्धार्थ गौतमको जन्म (नेपालको लुम्बिनी उद्यानमा), वहाँको बुद्धत्व प्राप्ति (भारतको बोधगयामा) र वहाँको महापरिनिर्वाण (भारतको कुशीनगर वनमा)–तीनै वटा पुनीत पर्व संयोगवस् एउटै तिथिमा भएको कारण यो दिन बौद्ध र अन्य देशहरूमा बौद्ध धर्मावलम्बीहरूले विशेष महत्व राखी भगवान् बुद्धको गुण स्मरण, वहाँको गम्भीर धर्मको श्रवण र अभ्यास गरी वहाँलाई पूजाआजा गरी सम्मान सत्कार गर्ने चलन छ । २५४२ वर्ष पछि पनि आज भगवान् बुद्धको प्रतिष्ठा र वहाँको अनुकरणीय धर्मको अलौकिक प्रभाव जारी नै छ र एसिया महाद्वीपमा मात्र नभई सारा यूरोप, अमेरिका, अष्ट्रेलियामा समेत वहाँको अद्वितीय धर्म, वहाँको शान्तिको कान्ति अझ तीव्र गतिमा फैलिराखेको हामी सबैलाई थाहा भएकै कुरो हो । यसो हुनुको कारण भगवान् बुद्धले संसारको मानव मात्रको कल्याणलाई ध्यानमा राखी दर्शाउनु भएको ज्ञान, दिनु भएको धर्म विज्ञानको नियम र गतिमा आधारित छन् । आजको वैज्ञानिक युगमा रूढीवादी, परम्परागत अन्धविश्वासको कुनै औचित्य, कुनै महत्व छैन । भगवान् बुद्धको धर्ममा रूढीवादी, परम्परागत अन्धविश्वासलाई अलिकति पनि स्थान दिइएको देखिदैन । यो एक चेतनशील व्यक्ति, विवेक बुद्धि हुने व्यक्तिहरूको धर्म हो । भगवान् बुद्धले आफैले पनि भिक्षु गणहरूलाई सम्बोधन गर्नुभएको थियो– "मेरो धर्म तिमीहरूले सोच्दै नसोची, ठीक छ छैन भनी चिन्तन मनन नै नगरी, सन्तोषजनकपूर्वक जाँच्दै नजाँची, आफूले राम्रोसंग परिक्षण नै नगरी सूत्रविनयादि धर्मसंग मिल्छ मिल्दैन नहेरी कदापी विश्वास नगरिदिनु होला । केवल सुनकर्मीहरूले जाँच्ने ढुंगामा (कसौटीमा) सुन घोटेर परिक्षण पश्चात् सुन हो होइन, नक्कली हो या सक्कली हो छुट्याइकन, राम्रोसंग जाँचीकन मात्र सुनलाई ग्रहण गरे जस्तै मेरो धर्म ग्रहण गर्नु अगावै, अनुशरण गर्नु अगाडि एकचोटि राम्रोसंग अध्ययन गरेर, ठीक छ छैन हेरेर, आफूलाई सुख-शान्ति ल्याउने हो होइन भनी स्वतन्त्र चिन्तनले विचार गरेर मात्र ग्रहण गर्नुहोला, अनुशरण गर्नुहोला । अनुशरण गरेर पछि आफूलाई ठीक, उचित नलागेमा पछि पनि मेरो धर्म त्याग गर्न सक्नु हुन्छ, छोड्न सक्नु हुन्छ । मेरो धर्मलाई कुनै बाध्यताको कारण या परम्परागतको कारण अपनाउनु पर्ने आवश्यक छैन । यसमा सबैलाई स्वागत छ, स्वतन्त्रता छ ।" सायद भगवान् बुद्धले बताउनु भएको धर्ममा छलकपटको स्थान नभएको कारण, मनका क्लेशहरूबाट टाढा रहने उपायहरू सिकाउने भएको कारण र विज्ञापनसंग सम्वद्ध भएकै कारणले आज आएर वहाँको धर्म चन्द्रसूर्य झैं जाज्वल्यमान भएर विश्वभरी नै प्रगतिशील भई तीव्र गतिमा फैलिरहेको छ । र अन्तमा म यही भन्न चाहन्छु कि चन्द्रसूर्य रहुन्जेलसम्म विश्व शान्तिको लागि, मानव मात्रको हित उपकारको लागि, सबै प्राणीको मंगलको लागि संधैभरी वहाँको गम्भीर धर्म फैलिरहोस् पनि !

**भवतु सब्ब मंगलं !**

## धर्मया लँपु क्यनेनु

✍ **रविन्द्र शाक्य, ह:खा**

धर्म झीसं म्हसिका शुद्ध मनं पालन यायनु
मिथ्यादृष्टी ला:पिन्त धर्मया लँपु क्यनेनु

शील क्वातुक ग्रहण याना निर्माण प्राप्त यायनु
मोहले फसे याइगु सम्पति तोता जनजालं मुक्त जुइनु
बुद्ध धर्म हे मानव धर्म धका सकसितं थुइका बिइनु
दया, माया, करूणा तया सकसितं भिं यायगु स्वयनु

धर्म झीसं म्हसिका शुद्ध मनं पालन यायनु
मिथ्यादृष्टि लापिन्त धर्मया लँपु क्यनेनु

धर्म धका हिंसा याइपिन्त पन्चशील कायकेनु
मनु छक जन्मकया शील समाधि प्रज्ञा बलाकेनु
तन मन धन बुद्धया उपदेशयात ग्रहण यायनु
मचा ल्यायम्ह बृद्धपिन्त न्कनं धर्मया लँ क्यनेनु

धर्म झीसं म्हसिका शुद्ध मनं पालन यायनु
मिथ्यादृष्टी लापिन्त धर्मया लँपु क्यनेनु



Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय-१०

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

**पाँचौं भाग**

**( बलेको वर्ग )**

### [७. वनरोप सुत्त (१.५.७) कसको पुण्य संधै बढ्ने गर्छ ?]

कुन पुरुषहरूको रात, दिन सधैं पुण्य बढि रहन्छ ?

धर्ममा दृढ रही शीलले सम्पन्न भएर स्वर्गमा जाने व्यक्ति को हो ?

भगवान् बुद्ध–

बगैंचा र उपवन (हरियाली रूखका विरूवाहरू रोपी बनाइएको जंगल) बनाउनेहरू, जसले पुल बनाउँछ, इनार, धारा र कुँवा बनाउनेहरू बटुवाहरूलाई शरण (वास) दिनेहरू, आदि यी सबै व्यक्तिहरूलाई रात दिन पुण्य बढिरहन्छ । यसरी धर्ममा दृढ रही, शील सम्पन्न हुनी ती व्यक्तिहरू नै स्वर्गमा जान्छन् ।

### ८. इवंहि सुत्त (१.५.८) जेतवन

ऋषिहरूद्वारा सेवन (उपभोग) गरिएको यस शुभ स्थान जेतवन, जहाँ धर्मराज (बुद्ध)ले वास गर्नुभएको हो, यस स्थानले मलाई ठूलो श्रद्धा उत्पन्न गरिदिएको छ ।

कर्म, विद्या, धर्म र शील नै जीवनको उत्तम अङ्ग हो । यसबाट नै मनुष्य शुद्ध हुन्छन् । गोत्र र धनले शुद्ध हुने होइन । त्यसैले पण्डित पुरुषहरूले आफ्नो परमार्थ (आध्यात्मिक शान्ति)लाई ध्यान राखी (यस संसारको यथार्थ स्वभावलाई ठीक तरिकाले बुझी) ठीक तरिकाले धर्म कमाउँछन् । यसरी तिनीहरूको चित्त शुद्ध हुनेछ ।

सारीपुत्र जस्तै प्रज्ञावान् र शीलवान् भई जसले मानसिक शान्ति प्राप्त गरी पारंगत हुन्छ, त्यस भिक्षुको लागि त्यही सर्वोत्तम पद हुनेछ ।

### ९. मच्छेर सुत्त (१.५.९) कंजुसीको कुफल

जो यस संसारमा कंजुस कहलाइएको हुन्छ, कंजुस (मक्खिचुस) भएर, अरूलाई चित्त दुख्ने गरी गाली गर्ने, अरूले दान गरेको देखेर (सहन नसकी) तिनीहरूलाई दान नदिन बहकाइदिने, त्यस पुरुषको कर्मफल कस्तो हुने होला ? उसको परलोक कस्तो हुने होला? तपाईंसंग (बुद्ध समक्ष) यसबारे बुझ्ने आशा लिई यहाँ हामी आएका छौं । यसलाई हामीले कसरी बुझ्ने होला ?

भगवान् बुद्ध–

जसलाई संसारमा कञ्जुस कहलाइएको छ, कंजुसी (मक्खिचुस) भएर अरूलाई चित्त दुख्ने गरी गाली गर्ने, अरूले दान गरेको देखेर (सहन नसकी) तिनीहरूलाई त्यसरी दान नदिन बहकाइदिने, त्यस्तो व्यक्ति नरकमा, तिरश्चिन योनी (पशु योनीमा), अथवा यमलोकमा जन्म हुनेछ । यदि यस्तो व्यक्ति मनुष्य योनीमा जन्म लिएपनि उसलाई लुगा, खाना, ऐस आराम, खेल तमाशा आदि आवश्यक तत्त्वहरू प्राप्त गर्नका लागि धेरै कष्ट उठाउनु पर्ने हुन्छ ।

त्यस मूर्खले अरूको भरोसा लिए पनि उसलाई ती वस्तुहरू प्राप्त गर्न गाह्रै पर्नेछ । आँखाले देखादेखि नै यसै जीवनमा उसको यस्तो गति हुनेछ भने परलोकमा पुगेपछि त उसको अझ ठूलो दुर्गति हुनेछ ।

देवता–

हामीले यसलाई यसरी बुझ्यौं (थाहा पायौं) ।

अब हे गौतम बुद्ध ! तपाईसंग अर्को कुरा सोध्दैछौं–

जसले यहाँ मनुष्य जन्म लिन्छ र अरूसंग परस्पर मिलेर, फराकिलो (खुल्ला) हृदय लिई, बुद्धप्रति श्रद्धालु भई, धर्मप्रति, संघप्रति धेरै गौरव राख्छ भने त्यस व्यक्तिको कर्मफल कस्तो हुने होला ?

हामीले तपाईं समक्ष यस विषयमा सोध्ने आशा लिई आएका छौं । यस विषयमा हामीले कसरी बुझ्ने होला ?

भगवान् बुद्ध–

जसले यस मनुष्य लोकमा जन्म लिएको हुन्छ, उसले अरूसंग परस्पर मिलेर खुल्ला हृदय लिई बुद्धप्रति श्रद्धालु भई, धर्मप्रति र संघप्रति धेरै गौरव राख्ने गर्छ, त्यस्तो व्यक्ति स्वर्ग लोकमा शोभायमान हुने गरी जन्म लिनेछ ।

यदि त्यस व्यक्ति मनुष्य लोकमा आई जन्म लिन्छ भने पनि त्यसले कुनै एक धनाढ्य कुलमा जन्म लिनेछ, त्यहाँ उसले लुगा, खाना, ऐश-आराम, खेल-तमाशा, आदि सबै उसलाई प्रशस्त रूपमा प्राप्त हुनेछ, आफ्नो इच्छा तृप्त हुने गरी सुखभोग प्राप्त गरी उसले वशवर्ती देवताहरूले जस्तै आनन्द प्राप्त गर्नेछ ।

यसरी आँखाले देखादेखी यही जीवनमा नै यस्तो फल भोग्न पाइन्छ भने उसले परलोकमा गएर झन् एकदम राम्रो गति प्राप्त गर्नेछ ।



Downloaded from http://www.dhamma.digital

## १०. घटीकार सुत्त (१.५.१०) बुद्ध धर्मबाट मात्र मुक्ति मिल्नेछ अरू धर्मबाट होइन

घटीकार देवता–

अविह लोकमा उत्पन्न भएर, सात जवान भिक्षुहरू मुक्त भए, राग, द्वेष (र मोह) नष्ट गरेर (तिनीहरूले) यस भवसागरबाट पार भए। तिनीहरू को होला ? जसले यस हिलोलाई पार गर्न सफल भए ? मृत्युको त्यस ठूलो दुस्तर राज्यलाई जसले मनुष्य शरीर त्यागी सर्वोच्च स्थान प्राप्त गर्न सफल भए ?

उपक, पलगण्ड र पक्कुसाति आदि यी तीन व्यक्तिहरू,

भद्दिय, खण्डदेव, बाहुरग्गि र पिङ्गिय आदि चार व्यक्तिहरू गरी (सात जवान व्यक्तिहरू) यिनीहरूले नै मनुष्य देहलाई त्यागी, सर्वोच्च स्थान प्राप्त गरे।

भगवान् बुद्ध–

तिमीले तिनीहरूको विषयमा एकदम ठीक कुरा गर्दैछौ । जुन व्यक्तिहरूले मारको जाललाई काटे, तिनीहरूले कसको धर्मलाई जानेर बुझेर भव वन्धन तोड्न सफल भए त ?

देवता–

भगवान बुद्धलाई छोडेर अरू यहाँ कोही छैन,
तपाईंको धर्मलाई छोडेर अरू कुनै धर्म होइन,
तपाईंको धर्मलाई नै जानेर बुझेर तिनीहरूले
भव वन्धनलाई तोड्न सफल भएका हुन् ।

जहाँ नामरूप दुवै विल्कुल निरूद्ध हुन्छन्, तपाईंको

यस धर्मलाई जानेर तिनीहरूले भव वन्धन तोड्न सकेका हुन्।

भगवान् बुद्ध–

तिमीले धेरै गम्भीर (बुझ्न गाऱ्हो) कुरा गरिरहेका छौ । यसलाई ठीक तरिकाले बुझ्न गाऱ्हो छ, ठीक तरिकाले थाहा पाउन कठिन छ । तिमीले कसको धर्मलाई जानेर यसरी कुरा गरिरहेका छौ ?

देवता–

पहिला म बेहलिंग भन्ने ठाउँमा रहनथें। त्यहाँ म माटोको भाँडाकुँडा बनाउने एक कुम्हाले थिएँ । मैले आफ्ना आमा बुबालाई पालन पोषण गरिरहेका थिएँ। म (भगवान्) काश्यपको उपासक थिएँ ।

मैथुन धर्म सेवन नगरी, ब्रह्मचर्य पालन गरी, पूरा त्यागी भई, एकै गाउँमा रहने म (तपाईंको) पहिलेको मित्र अर्थात् साथी हुँ । त्यसैले मैले तिनीहरू (सात जवानलाई) चिन्छु । विमुक्त भएर गएका ती सात जवान भिक्षुहरूको राग, द्वेष (र मोह) सबै नष्ट भैसके, जसले भवसागरलाई पार गरिसके ।

यसरी भगवान् बुद्ध भन्नुहुन्छ– "त्यसरी नै पहिला तिमी थियौ अर्थात् पहिला तिमी वेहलिंग गाउँको भाँडाकुँडा बनाउने एक कुम्हाले थियौ ।"

यसरी भेट भएको थियो यी दुवै पुराना साथीहरूको, दुवै भावितात्माहरूको र अन्तिम शरीर धारण गरिरहनेहरूको ।

॥ बलेको वर्ग समाप्त ॥

## 'मुख्य तत्व'

हरिकृष्ण श्रेष्ठ
*धरान १२/१४७*

कति रात विते याहाँ कति दिन
कतै उज्यालो छन् त कहिँ अँध्यारो
यो ब्रम्हाण्डमा थरी थरी
प्राणीहरूको सृष्टी भए

कति युद्ध भए याहाँ
मानिसहरू खरानी भए
भूकम्प गए यहाँ
धेरै मानिस पुरी मरे

आँधी बेरी आए याहाँ कती उडाई लगे
ज्वार भाटा आए सबै तानी लगे
तर पनि पाप धर्मको चेष्टा भएन याहाँ
मानिस कति स्वार्थी छ आफ्नै मात्र ईच्छा पुरा गर्ने

हेर पढ, बुझ, सुन,
सिद्धार्थ एक राजकुमार थिए
नि:स्वार्थको भावना जगाए
राजदरवार सबै त्यागी

प्राणीको कल्याणको
खोजीमा लागिपरे
पार लगाए एक दिन
दया नै प्राणीको कल्याणको
मुख्य तत्व भनि२

गौतम बुद्ध भनि नाम कहलाए
शान्तीको अग्रदूत भनि
अमर कृती रहे याहाँ
महामानव गौतम बुद्ध भनि



Downloaded from http://www.dhamma.digital

# सत्यता

✍ हिरण्यराज ब्रज्राचार्य, ल.पु. भिंछेबाहाल

प्रत्येक धर्म चाहे हिन्दू, मुस्लिम, क्रिश्चीयन, शिख र बुद्ध धर्म नै किन नहोस् सत्यताको आडमा नै हरेक धर्मको अस्तित्व रहीरहेको हुन्छ । यसैले सत्यको धर्ममा ठूलो स्थान र महिमा छ । सत्य भनेको नै मृषावाद र मिथ्याचारमा नरही सद्व्यवहार र शुद्ध आचारणमा रहनु हो । यो सत्य बुद्ध धर्ममा "पंचशील" अन्तर्गत पर्दछ । अतएव बुद्ध धर्ममा पञ्चशील ग्रहण गराउने अद्यापि प्रचलन रही आएको छ । पंचशील भनेको सत्यमा रही र मदिरा सेवन नगर्नु, हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु भन्ने हो । धर्ममा यी सबै चीजको महत्त्व छ तर यी मध्ये सर्वोपरी स्थान सत्यले नै ओगटेको छ किनकि सद्व्यवहार र शुद्ध आचरण पालन गरेमा उपरोक्त अरू बाँकी चार पनि स्वत: नै हटेर जान्छ ।

सत्यमा ठूलो शक्ति हुन्छ भन्ने तथ्य हिन्दू धर्ममा सत्यवादी राजा हरिश्चन्द्रको जीवनी पढेमा प्रष्ट हुन्छ । राजा हरिश्चन्द्र सत्यमा यति अडिग छ कि आफ्नो सत्यता संरक्षण गर्न अर्थात् सत्यता रक्षा गर्न जे गर्न पनि हिचकिचाउँदैन पनि किनकि सत्यता बचाउन सत्यवादी राजा हरिश्चन्द्रले आफ्नो वाचा अनुसार विश्वामित्रलाई आफ्नो राज्य धन सम्पत्ति सबै मात्र दान गरेको नभै पुनश्च: विश्वामित्रले मागेको दक्षिणा दिन निमित्त धन (पैसा) जुटाउन नसकी आफ्नो पुत्रसहित धर्मपत्नी मात्र बेचेको होइन आफू समेत बेचेर किन्ने मसान मालिकको दास हुन पुगे । विश्वामित्रले राजा हरिश्चन्द्र कत्तिको सत्यवादी भनी जाँचेको करतूत मात्र थियो । पछि विश्वामित्रले राजा हरिश्चन्द्र तिमी सत्यताको कठोर परीक्षाबाट उतीर्ण भयौं भन्दै पुन: निज हरिश्चन्द्रलाई राज्य धन सम्पत्ति सबै फिर्ता दिए । यही हो सत्यताको शक्ति ।

यस्तै बुद्ध धर्ममा पनि सत्यताको सान्दर्भिक प्रसंग छ । एकदिन भिक्षु अंगुलिमाल भिक्षा माग्दै विचरण गर्दै गरेको बेलामा एउटा महिला प्रसूति व्यथाले सान्है छटपटिरहेकी र निजको असह्य पीडाको क्रन्दन सुनी आत्मा विह्वल भै सहन नसकी तिनको रक्षाको लागि गौतम बुद्ध कहाँ गै सबै वृत्तान्त बुद्धलाई अवगत गरे । यो सुनी पछि बुद्धले निज महिलालाई मैले होइन तिमीले उद्धार गर्न सक्छौ अर्थात् गर्नु कर्तब्य हो भन्दै सत्य वाचा गर्न पठाए र अंगुलिमाल निज महिला कहाँ गै निज महिलाको छेंदमा बसी भन्नथाले; यदि म सत्यमा बसेको वा रहेको भए निज महिलाको सुविस्तासाथ सुत्केरी होस् भनी सत्यवाचा (अनुष्ठान) गर्न थाले र तुरून्तै भने जस्तै निज महिलाको सुविस्तापूर्वक सुत्केरी भयो ।

उपरोक्त कथनहरूबाट ज्ञात हुन्छ कि सत्यको कत्तिको शक्ति रहेछ । यसैले प्रत्येक मानिसले सत्यतामा रहनु नितान्त आवश्यक छ किनकि जीवन सत्य हो, सत्य धर्म हो । मानिसले सधैं धर्ममा रहनुपर्छ । सत्यले सत्कर्ममा लगाउँछ र शुद्ध आचारण गर्नेतिर अभिप्रेरित गर्दछ । सत्यता अपनाउनाले इमान्दारी र परोपकारको भावना जगाउँछ । यस्तो कर्मबाट सुख, शान्ति र आनन्द प्राप्त गर्ने हुँदा कस्तै आपत-विपत र समस्याका बेलामा पनि सत्यवादी राजा हरिश्चन्द्रले झैं हरेस् नखाई सत्यलाई छोड्नु हुँदैन । यदि त्यस्तो गरिएन भने जीवनको सार नै नाश हुन्छ, पापीको भागी हुन्छ । सत्यता नरहेमा शान्ति हराएर जान्छ ।

तर यसको विपरीत आजकलका कलियुगका मानिसहरूको भनाई छ– कलियुगमा सत्यमा रहन सकिँदैन रे किनकि सत्यमा रहनेले कलियुगमा दु:ख पाउँछ रे ! किनभने यो सत्ययुग होइन रे ! यो कलियुगका मानिसहरूको नराम्रो भ्रम भावना मात्रै हो । सत्य संधै सत्य नै हुन्छ । यो कदापि झुट्ठा हुन सक्तैन । जुन कालमा पनि सत्यको नै विजय (जित) हुन्छ । यो ध्रुव सत्य छ । "सत्य मेव जयते" अस्तु ॥ ■

**NOT TO DO EVIL**
पाप कर्म कहिल्यै नगर्नु
**TO CULTIVATE MERIT**
पुण्य गर्दै जानु
**TO PURIFY ONE'S MIND.**
आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु
*– This is the teaching of the Buddhas.*
*यहि नै बुद्धहरूको उपदेश हो ।*



Downloaded from http://www.dhamma.digital

# मेरो चैनपुर-प्रिय चैनपुर

✍ भिक्षु संघरक्षित, संघाराम

जीवन-एउटा अटूट यात्रा हो । जीवन-सलल बगेको जलाशयको जल हो । जीवन-सुख र दु:ख तथा आनन्द र कष्टको समिश्रण हो । जीवनको छाल तरंगमा तरंगित भएर मानव कार्य कहिले कहाँ कुन अनुरूप कसरी के भएर पुग्छ र पुन: लुप्त-गुप्त बन्छ, हाम्रो सोचनीय शक्तिभन्दा अनन्त प्राय: छ । जो व्यक्ति जयमा मात्र होइन, पराजयमा पनि हाँस्न तथा सुखमा मात्र होइन दु:खमा पनि रमाउन सक्षम बनिदिन्छ, तब उक्त व्यक्तिलाई परिस्थितिले दास-त्रास पक्कै बनाउन नसक्दो रहेछ, बरू जटिल-विकट अवस्थामा पनि आफ्नो अनुकूलको वातावरण श्रृजना गरीकन प्रीतिको अनुभूति गर्दो रहेछ । हुन त, जन्मको मुहान देखि लिएर मृत्युको दोभानसम्मको एउटा फूल जस्तो, पानीमा उठ्ने फोका जस्तो, एउटा सपना जस्तो अल्पमय छोटो यो जीवन प्रवाह मात्र केवल दु:ख भएको कुरामा शंका नहोला, किन्तु विज्ञ-पण्डितजनहरू दु:खमय संसार भयबाट किञ्चित् पनि वाक्क-ब्याक्क-दिक्क नभइकन प्रशन्नासनमा सदा-सर्वदा खुशी-सुखी बनिदिंदा रहेछन्–बनिदिन्छन्, कस्तो आश्चर्य ?



ऐतिहासिक सुन्दर "मेरो चैनपुर-प्रिय चैनपुर" बजारको मनोरम दृष्य

निरन्तर प्रवाहमा प्रवाहित जीवनको अखण्ड अनिवार्य यात्राको क्रममा अथक प्रयास एवं अन्तर ईच्छाको प्रभावानुसार २५४३ औं बुद्ध पूर्णिमा महोत्सव मनाउन चैनपुरतिर जानसक्ने प्लेनबाट प्रस्थान गरें । मनमा अनगिन्ती अनेकानेक विचार धाराको च्युत्योत्पत्ति गर्दै-गराउँदै लीन भएको म, संसारको सबभन्दा होचो क्षेत्रमा अवस्थित तुम्लिङ्गटारको एयरपोर्टमा पुगेपश्चात् मात्र झसङ भएँ । तत्पश्चात् नजरलाई चारैतिर नजारा दिंदै बाह्य गमन गरें, सम्भवत: कसैले मलाई लिन आइरहनेछ तर अहँ ! बृहत कालसम्म कोही आफूसँग टुलुटुलु हेर्न सिवाय कुरासम्म पनि गर्न नआउँदा स्वयं अगाडि गएर चैनपुर जाने दिशा एवं दुरी सोध्न पुगें । "५ बजिसक्यो, आज तपाइँ पुग्न सक्नुहुन्न, ६-७ घण्टा त लाग्छ नै" भन्ने अप्रत्याशित कुरा श्रवण गर्दा लामो सुस्केरा हाल्दै म झस्कें–अहो ! मलाई त मात्र २-३ घण्टाले पुग्नसक्ला भनेको त ... ... हरे !

"... ... पहिला पनि बोलाएँ तर कोही आउनुभएन । यसपल्ट पनि आउनु हुन्न होला भनेर हामीले त निमन्त्रणा पनि दिएका थिएनौ ... ... पूर्व सूचना भएको भए साप्ताहिक कार्यक्रममा पनि समावेश गर्ने थियौं ... आउनु भयो, अति खुशी लाग्यो ... मान्छे पठाउन अलिक सम्भव नदेखिएकोले उतैबाट एउटा भरिया लिएर आउनुस् न ..." – एउटा होटलबाट चैनपुरमा फोनद्वारा खबर पठाउँदा यस्तो नैराष्यजनक अकल्पनीय कुरा सुन्दा अचानकै मलाई पहाडबाट चिप्लेर, खोलासँग बगेर, गगनमाथि उडेर अञ्जान-अज्ञात अनकन्टार स्थानमा हराएर-बिलाएर जान मन नलागेको पनि होइन, किन्तु आफ्नो महान् उद्देश्य साक्षात्कार गर्न किञ्चित् कम्प नभई–नबनी धैर्यताका साथ अर्को दिनको प्रभातकालीन ७ बजेतिर नै एक भरिया लगाएर चैनपुरको बाटो लाग्यौं–मनमा उत्साह एवं नवीन जाँगरताको संरचना गरेर ।

करिब १ घण्टा पश्चात् सभा खोला र ह्यावा खोलाको संगमस्थल ह्यावा दोभान पार लगाउन ढुंगा र पुलको अभावमा कम मुश्किल नभएको पनि होइन, किन्तु सज्जन दुई व्यक्तिहरूले दुईतिर हात समाएर, झोला बोकेर पार लगाइदियो । तत्पश्चात् भरिया दाईसँग पथबारे जिज्ञासा प्रकट गर्दा "ऊ ... त्यहाँबाट भएर पहाडै-पहाड हुँदै नदेखिने पहाडको चुचुरामा पुग्नुपर्छ" भनी पट्यार लाग्दो ठाडो पहाडै-पहाडतिर संकेत



Downloaded from http://www.dhamma.digital

गऱ्यो । किञ्चित् आत्तिए तापनि जोश एवं जाँगरताले रमाउँदै पर्वतारोहण गर्न लाग्यौं । जति जति पहाडको शीरमा टेक्दै माथि माथि पुग्थ्यौं, प्राकृतिक सौन्दर्य एवं मनोहर दृश्यहरू पनि प्रष्टिन थाल्थ्यो, जुन दृश्यावलोकनले मात्र पनि अमृतमय आनन्दको अनुभूति हुन थाल्थ्यो ।

पहाडको मध्यस्थमा अवस्थित गाउँ लोहकोटको एक ठाउँमा ८-९ वर्ष अन्दाजी स्कूले बालिका मलाई देखेर छक्क पर्दा-पर्दै पनि केही डराई भाग्न थाले परन्तु पछि तिनसँगै अन्य बालबालिकाहरूको साथमा पनि रमाइलो कुराकानी गर्दै ३०-४० मिनेटको बाटो हिड्चौं पनि । तत्पश्चात् श्रद्धाले हात हल्लाउँदै ती बच्चाहरू पहाडको गर्भमा निर्मित "श्री वाणीविलास मा.वि." भित्र पुनः मलाई एक्लो पारी समागम भए । अनगिन्ति बटुवाहरू, गाउँलेहरू चीवरधारी मेरो लवाई देखेर मात्र पनि अचम्भित भएर टोलाउँथे, एकापसमा कानेखुसी गर्नपुग्थे औं कामकुरा केही क्षण रोकेर पनि प्रत्येकका दुई जोडी आँखा ममा केन्द्रित गराइरहन्थे । साहसी एवं जिज्ञासु केहीले त सोधे पनि ।

वृहतकालको एकतमास हिंडाईले म थाकेर, गलेर लखतरान हुन थालें । शरीरका सुक्ष्म-सुक्ष्म छिद्रहरूद्वारा पसिनाको धारा प्रवाहित भई तलदेखि माथिसम्म मलाई निथ्रुक्क भिजाइसकेको थियो । तापनि क्षण-क्षणमा अडी-अडी, लामो सुस्केरा हाल्दै पसिनाको धारो छुटाउँदै, नाक ठोकिने उकालो बिस्तारै पार गर्दै, कैयन् जंगललाई पुनः भेट्ने वाचा गरी पछि-पछि छोड्दै, स-साना बुट्टयान झाडीहरूसँग लुकामारी खेल्दै बल्ल साढे एघारमा मात्र खराङ्ग निस्क्यौं । यस पश्चात् पनि पसल-पसलमा चहार्दै भोजनको प्रबन्धतिर लाग्दै थियौं कि एक श्रद्धावान् उपासकले आफ्नो घरमा पूर्व सुचनाद्वारा नै खाना तयार गराइसकेको जानकारी दिंदै गृहभित्र प्रवेश गरायो । जसरी थोपा-थोपा पानीको लागि मरूभूमिमा भौंतारिएकालाई अचानक कुँवानै फेला पर्दा खुशी हुने हो, ठीक त्यस्तै नै अति प्रशन्न भई हृदयको कुना कन्दराबाट शुभाशिर्वादका फोहरा प्रस्फुटित हुन थाल्यो । अहा ! कति आनन्द !!

त्यसोपरान्त सहजैका साथ चैनपुर बजारको पश्चिमी पुछारमा अवस्थित ऐतिहासिक दिनको स्मरण दिलाउने ५२ खुट्किला अनुमानित भएको "दारेगौंडा" नामक अति शितल चौतारोमा पुग्यौं । यसैसँग जोडिएर विशाल टुँडिखेल रहेको छ, जहाँ कुनै पनि कार्यक्रम, आमसभा लगाएत प्रत्येक शुक्रबार हटिया (Market) लाग्ने गर्दथ्यो, जुन बजारमा दूर-दूरका गाउँ निवासी बच्चाहरूदेखि लिएर अशक्त बृद्धहरू पनि किनबेच गर्ने प्रमुख उद्देश्य बोकेर आउने-जाने गरेको स्वयं मैले दृष्टिगत गरेको थिएँ । टुँडिखेलको ठीक माथि प्रहरी चौकी, त्यसको पनि माथि हेलिप्याड र त्यसको पनि माथि चुचुरामा टेलिफोन टावर थियो । बजारको यत्रतत्र विभिन्न सुन्तला, जुनार, कागती जस्ता फलफूलहरूको बगैंचाले सुसज्जित थियो तर आफू बेमौसमा पुगेकोले फलहरू लटरम्म फलेको चाहीं देख्न नसक्ने भइयो ।

वास्तवमा कोशी अञ्चलको सुदूर उत्तरी जिल्ला संखुवा सभाको दक्षिणी क्षेत्रमा ऐतिहासिक सौन्दर्यता परिमार्जन गरिकन विश्वको पाँचौ सर्वोच्च शिखर मकालु हिमालयको काखमा सुशोभित यो चैनपुर बजारको आफ्नै विशिष्ट स्थान छ । श्री बोधिसत्व विहार, सिद्ध विहार, पञ्च बौद्ध मन्दिर लगायत भीमसेनको मन्दिर, गणेश मन्दिर, कृष्ण मन्दिर, वत्तेश्वर मन्दिर जस्ता धार्मिक मठ-मन्दिर तथा पाटीपौवाले भरिपूर्ण यस चैनपुर बजारमा बौद्ध तथा हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहँदै आएको पाइन्छ । नेवारी संप्रदायको प्रभुत्व रहेको यस बजारमा प्रमुखतः शाक्य, श्रेष्ठ तथा ब्राह्मणहरूको प्रायः बशोबास छन् । सुनिन्छ, पुस्तौं अघि कान्तिपुर, भक्तपुर, ललितपुर, नाला, दोलखा, धुलिखेल आदि स्थानहरूबाट व्यापारिक मनसायले नेपाली संप्रदायको बशोबास यस उद्‌गम स्थलमा भएको थियो, जुन अद्यावधिसम्म यहाँका प्रायः जनहरूले धातु सम्बन्धी विभिन्न आकर्षक करूवा, अन्ती, लोटा, पानस, किस्ति, आडखोरा, वाइन कपहरू, देवताहरूको मूर्तिहरू, लाखेको मखुण्डो भाँडा वर्तनहरू आदि बनाउँदै गरेको पाउन सकिन्छ । देश-देशान्तरसम्म ख्याति प्राप्त यी धातु-कला उपत्यकाको कलाभन्दा कति पनि त्रुटी एवं कमी देखिदैन ।

२०२४ सालसम्म सदरमुकामको रूपमा अवस्थित यस सुन्दर ऐतिहासिक चैनपुर, बजारलाई पूर्वबाट भीरेश्वर गुफा, सिद्धकाली, गुफा. पोखरी, सभा पोखरी, अत्यन्त सुन्दर लालीगुराँस फाँट मिल्के डाँडा; पश्चिमबाट प्राकृतिक सौन्दर्यताले परिपूर्ण रमणीय बानेश्वर डाँडा, विश्वको सर्वोच्च स्थानबाट प्रवाहित अरूण नदी, अरूण उपत्यका; उत्तरबाट जौबारी गुफा, गुप्तेश्वर, ज्ञानेश्वर महादेव, मकालु हिमालका साथै अन्य धेरै हिमश्रृंखलाहरू तथा दक्षिणबाट वालेश्वर गुफा, हुमङ देवीको मन्दिर जस्ता रमणीय तथा धार्मिक



Downloaded from http://www.dhamma.digital

स्थलहरूले घेरिएर रहेका छन् । २५०० किलोवाट क्षमता भएको "निगुरे सानो जलबिद्युत योजना" बाट बिद्युत उपलब्ध हुने गर्दा पनि बिद्युत शक्तिको कमीले उद्योग धन्दाका अलावा विविध तड्कारो ज्वलन्त समस्याहरूलाई मध्यनजर गरेर नै "केन्द्रिय जलबिद्युत योजना" बाट् बिद्युत आपूर्ति गराउन धमाधम पोलहरू गाड्ने काम पनि आरम्भ भैसकेको छ । केही वर्ष देखिनै टेलिफोन सेवा पनि उपलब्ध भैसकेको यस बजारमा एउटा हेल्थ सेन्टर (२०१७) पनि नभएको होइन, छ; तापनि उपकरण तथा औषधिको कमीले गर्दा डाक्टरको स्थायित्व हुन सकिराखेको छैन । यस उसले पनि स्थानीय जनताहरू रोग देखि दिनमा दुई-तीन पल्ट थर्कमान हुन बाध्य प्राय: छ, किनकि औषधिमूलो गर्न कि त धरान जानुपर्छ कि नभए काठमाडौं नै पुग्नुपर्छ, जुन अति खर्चिलो हुनाको साथै अत्यन्त कठीन पनि थियो । अति उर्वरायुक्त यस क्षेत्रमा धान, गहुँ, मकै, कोदो, जौ, तोरी जस्ता बालीहरू प्रशस्त उब्जाउ हुन सक्ने भए तापनि सिंचाइको अभावमा मात्र आकाशे पानीको भर परेर पलप्रतिपल डर मानेर बस्नु यहाँको दुर्भाग्य नभने के भन्नु र, खै कुन्नि ?

पंक्तिबद्ध घरहरूले सजिएको चैनपुर बजारको सिरानदेखि पुछारसम्म नै अति सुन्दर चिप्लो ढुंगाहरू क्रमबद्ध व्यवस्थित तरिकानुसार बिछ्याइएका छन्, जुन दृश्य मात्र देख्दा पनि मन गद्‌गद् हुन पुग्थ्यो-हुन्थ्यो । ज्ञात भइए अनुसार, यस बजारको नाउँ "चैनपुर" रहनुमा पनि विभिन्न ऐतिहासिक तर्कहरू रहेछन् । जस्तो:–

(१) बिना कुनै शंकोच, चैनका साथ खाने, बस्ने ठाउँ भएको कारणले "चैनपुर" रहन गएको ।
(२) भोटे जातिहरूको शव गाड्ने "च्यान" (चिहान) बाट अपभ्रंश हुँदै च्यानपुरबाट "चैनपुर" कहलिएको ।
(३) पौराणिक स्वस्थानी कथानुसार सतीदेवीको दायाँ आँखा चन्द्रपुरमा पतन भएको सिद्धकाली पिठ्‌चूको धार्मिक कथनबाट चन्द्रपुरबाट "चैनपुर" रहन गएको । इत्यादि ...

जे-जस्तो भए तापनि ऐतिहासिक सुन्दरताले सजिएको चैनपुर बजार वास्तविक रूपमा अत्यन्त मनोरम, भ्रमण लायक पर्यटकीय स्थलको रूपमा स्वीकार्न कुनै शंकोच नहोला । किन्तु यातायातको असुविधा, प्लेनबाट गए पनि घण्टौं-घण्टासम्म पहाडी ठाडो पथबाट जानुपर्ने बाध्यता एवं ज्वलन्त कठिनाईलाई निराकरण हेतु हाल: यहाँ श्री ५ को सरकारद्वारा वसन्तपुर-चैनपुर हुँदै जिल्ला सदरमुकाम खाँदवारी नगर पुर्‍याउने पथको निर्माण कार्यपनि सुचारू रूपले सम्पन्न हुँदैछ । केही वर्षमै समाप्ति बन्ने आशा लिन सक्ने यस मार्गको निर्माण भए पश्चात् सिधै गुफा पोखरी, सभा पोखरी, कन्चनजंघा, मकालु बेसक्याम्प, ओलाङचुङ्ग गोलासम्म पनि बिना कुनै झन्झट सहजै पुग्न सकिने कुरामा दुईमत छैन ।

चैनपुर आउने क्रममा धेरै कठीनाईहरू, दु:ख-कष्टहरूको प्रत्यक्ष सामना गर्नु परे तापनि एउटा सिङ्गो अस्तित्व बोकेर शोभायमान रहेको यस सुन्दर चैनपुर बजारमा पुगे पश्चात सारा दु:ख-दर्दहरू क्रमश: आफ्नो मानसपटलबाट बिर्सिंदै-मेटिंदै जान थालेको स्वयं मैले अनुभूति गर्न पुग्छु । चैनपुर; जहाँका जन-जनहरूमा मैले आत्मियताको अनुभूति गरें, जहाँका वन पाखा-भीरपखेराको स्वच्छ, निर्मल वातावरणमा अवशाषित भएका व्यक्तिहरूको व्यवहारमा निर्मलता, कार्यमा रोचकता एवं बोलाईमा मोहकता पाएँ । प्रत्येक बालबच्चाको सच्चा हृदय एवं निर्दोषी आचरणले, हरेक उपासकोपासिकाको श्रद्धालु प्रवृत्ति, आध्यात्मिक चेतना, धार्मिक उत्थानताले तथापि चैनपुरको प्राकृतिक सौन्दर्यता एवं आकर्षकताले अजनवी भएपनि यो चैनपुर बृहत्‌कालदेखिको आफ्नो वासस्थान रहेको झैं प्रतीक भएको छ, भित्रि हृदयदेखि "मेरो चैनपुर-प्रिय चैनपुर" भन्न मन लागेको छ, जहाँको छवी अवस्मरणीय तथा अवर्णणीय तवरले मनमा छाप बसिसकेको छ, जुन चैनपुरलाई भूलेर पनि म भुल्न सक्तिन, बिर्सेर पनि बिर्सन सक्तिन, कदापि कहिले सक्तिन ।

त म चैनपुर पुग्दै थिएँ, जहाँको टुँडिखेल पार गरेर बजार प्रवेश गर्नासाथ लामो समयावधिदेखि बाटो हेर्दै बसेका उपासिकाहरूको सानुरोधमा क्षणभर बसे पश्चात् मात्र तिनीहरूकै साथ विहारतिर प्रस्थान गर्‍यौं । क्षणभर सम्पूर्ण जनहरूसँग परिचयात्मक कार्यक्रम गरी थकाईलाई नाश-विनाश गर्न व्यवस्था गरिएको ओछ्यानमा ढल्कन पुगें, परमानन्दका साथ पल्टन पुगें । तर, ओह ! निन्द्रा पनि झम्झम्ती कस्तो लागेको !! किन्तु परन्तु मलाई लेख्नु थियो, अझ धेरै मनमा कुण्ठित अनुभूतिका सँगालो प्रकाश पार्नुथियो । तर हाय् यो निन्द्रा ! उर्फ !! आऽऽऽ बरू पछि ... तर अहिले ... त्रिरत्न शरणम् ... । ■



Downloaded from http://www.dhamma.digital

# बौद्ध सम्यक आजीविकाका लागि भिक्षाटन

✍ मुनीन्द्ररत्न बज्राचार्य

महामानव गौतम बुद्धको जन्म भएको यस पुण्य भूमिमा बुद्ध धर्मको स्थान निकै महत्वपूर्ण छ। परापूर्वकालदेखि नै बौद्ध आदर्श, सिद्धान्त, दर्शन र महावाणीलाई चिन्तना गर्दै सम्यक जीवन बिताउँदै आएका छन्। बौद्ध भूमि भएकोले प्राचीनकालदेखि नै यहाँ विभिन्न विहार र गुम्बाहरूको निर्माण भएका छन्। विहार वहीको निर्माण अतिरिक्त श्रावकयान अन्तर्गत हीनयानी थेरवादीहरूको भिक्षुहरूको आगमनले अन्य विहारहरूको पनि निर्माण हुँदै आए। त्यही विहारमा भिक्षुहरू निवास गर्दै आफ्नो धर्मदेशना गर्ने र जीवीका गर्ने यापन गरे। भिक्षुहरूको जीवन यापन भक्तजनहरूको दान प्रदानले मात्र हुने गरेको छ। भगवान बुद्धको विनय अनुसार भिक्षुहरू आफ्नो जीवनलाई जीवन्त दिन सम्यक आजीविकाको पालना गर्नुपर्दछ। यही सम्यक आजीवका अनुरूप समय समयमा विहारमा मात्र नबसी भक्तजनको घर दैलोमा भिक्षापात्र लिई भिक्षाटन गर्न जानु पर्दछ। यसैलाई अनुशरण गरी अचेल भिक्षुहरूद्वारा भिक्षाटन कार्यक्रमलाई अगाडि बढाउने प्रयास गर्दै आएको छ।

बौद्ध धर्ममा भिक्षाटन कार्य निकै महत्व छ। यो धर्मको मूल विशेषता नै दान पनि एक हो। दश पारमिताको पहिलो पारमिता नै दान हो। भिक्षाटन भनेको पनि दान लिनु हो। गौतम बुद्धको समयमा जन्मनु अघि बोधिसत्व, आदिबुद्ध र अन्य बुद्धहरूको समयमा पनि दान सम्बन्धी कार्य भएको अनेकौं उत्तम नमूनाहरू छन्। जब सिद्धार्थ राजकुमार बुद्ध भए उनले सर्वप्रथम भिक्षाटनको लागि शुद्धोदन महाराजको दरवार समिप गएका थिए। शुद्धोदन महाराजाले बुद्धका साथ सैकडौं भिक्षुहरूको लावा लस्कर देखेर ठूलो हर्षले भिक्षादान दिएका थिए। शुद्धोदनको मनमा चेतनाको लहर यसैवेलादेखि जागृत हुन गयो। यस्तै गौतम बुद्धको समयमा अनाथपिण्डक, विशाखा, महारानी मल्लिका आदिको असीम दानलाई पनि बिर्सिनसक्नु छ। भगवान बुद्ध भिक्षुहरूलाई भिक्षाटनको महत्व समय समयमा दर्साउनु हुन्थ्यो। भिक्षाटनबाटै भक्तजनको हृदय जित्ने गर्थ्यौं। बौद्ध जगतमा दानको महिमालाई बढाउनु हुन्थ्यो।

भिक्षाटन गर्ने संस्कार भिक्षुहरूको सम्यक आजिवीकाको एक प्रमुख अंग मात्र होइन यसले समाजमा धर्मप्रति चेतना जगाउने, श्रद्धा उत्पन्न गराउने, दान भावनाप्रति अभिप्रेरित गराउने र भिक्षुहरूको जीवनलाई पनि बोध गराउने गर्दछ। आजको विकराल अशान्तिको संसारमा शान्तिका लागि बुद्धको सन्देशलाई अनुशीलन गर्न मार्ग प्रदर्शन पनि गर्नेछ। भिक्षाटनबाट जनसमूहको घर दैलोमा गई धर्मको मर्म बुझ्न टेवा मिल्नेछ। बुद्ध शासनलाई स्थीर गर्न पनि भिक्षाटन कार्यक्रम निकै महत्वपूर्ण भएको छ।

भिक्षाटन कार्यलाई प्रत्येक बौद्ध भिक्षुहरूले गर्नु पर्दछ। बज्रयानी बौद्धहरू शाक्य र बज्राचार्यहरूले पनि चार दिन भिक्षाटनका लागि आ-आफ्ना आफन्त कहाँ गई कम्तिमा सात ठाउँमा भिक्षाटन गर्नै पर्छ। श्रावकयानका भिक्षुहरूले भने आफ्नो शील अनुसार भिक्षाटन गरेर नै जीवन यापन गर्नुपर्दछ। एकै ठाउँमा मात्र बसेर दान लिनु हुन्दैन। भिक्षाटनलाई जागृत गर्न समय समयमा भिक्षु र अनगारिकाहरू (भिक्षुणीहरू) भिक्षाटन गर्दै आएका छन्। हाल यसलाई सुव्यवस्थित तरिकाले अगाडि बढाउन विश्व शान्ति विहारले भिक्षाटन कार्यक्रमलाई अगाडि बढाउँदै लगेको छ। खास गरी यस विश्व शान्ति विहारले एउटा बौद्ध शिक्षालयको स्थापना गरी यहाँ अध्ययन गर्ने श्रामणेर भिक्षुहरूको सहयोगार्थ भिक्षाटन कार्यक्रम अगाडि बढाएको हो। यसका लागि विश्व शान्ति पुस्तकालयका युवा वर्गले आवश्यक व्यवस्था मिलाउँदै आएको छ। हाल भिक्षाटन कार्यक्रम अन्तर्गत ललितपुर, काठमाडौं र भक्तपुरको शहरमा भिक्षाटन गर्ने काम भएको छ। केही दिन अघि मात्र माघ महिनामा यही विश्व शान्ति विहारका प्रमुख भिक्षुहरू, श्रामणेर र शिक्षक शिक्षिकाहरू सहित भिक्षाटनको वृहत कार्यक्रम लिई नेपालका विभिन्न जिल्लाहरूको भ्रमण गरियो। काठमाडौंदेखि शुरू गरिएको भिक्षाटन कार्यक्रमलाई पोखरा, पाल्पा, तानसेन, बुटवल, कपिलवस्तु, भैरहवा र कुशीनगरसम्म गएका थिए। माथि उल्लेखित स्थानमा भिक्षाटन कार्यक्रम निकै सौहाद्र वातावरणमा हुन गयो। मगर, थकाली, गुरुङ र अन्य जाति बस्ने ठाउँमा पनि



Downloaded from http://www.dhamma.digital

भिक्षाटन कार्य भयो । कुशीनगरमा भ्रमण गर्दा त्यहाँ थाइल्याण्डबाट निर्माण भई रहेको थाई विहारका थाई भिक्षुहरूबाट विश्व शान्ति विहारका भिक्षु र श्रामणेरहरूका लागि चीवर दान गरेको थियो । भिक्षाटनको अवसरमा स्थानीय श्रद्धालु भक्तजनहरूले गर्नुभएको सहयोग निकै स्मरणीय छ । अगाध स्नेहले सबैलाई भोजन दान गर्नुका साथै बस्ने स्थान पनि मिलाई दिएका थिए । भिक्षाटनबाट नेपालीहरूको जनमानसमा बौद्ध धर्मप्रति असिम आस्था रहेको देखिन्छ । यसले बुद्ध धर्मप्रति स्नेह जागृत गराएको महशुस हुन पुगेको छ । भिक्षाटन कार्यक्रमलाई निरन्तरता दिनुपर्ने नितान्त आवश्यक भएको प्रतीत हुन्छ । नेपालमा बौद्ध धर्मलाई जीवन्त दिन भिक्षुहरूले गरी राखेको कथिन प्रयासलाई यसले ऐना जस्तो छर्लङ्ग देखाउन अवसर मिलेको छ ।

नेपालमा बुद्ध धर्मप्रति अचेतन मानिसहरू पनि प्रशस्त छन् । बुद्ध नेपालकै सुपुत्र भएता पनि गाउँ-ठाउँमा कतिपयले बुद्ध को हुन् भन्ने लाजमर्दो कुरा गर्नेहरू पनि कम छैन । यस्तो अवस्थामा अचेतन नागरिकलाई सचेत गर्नका लागि पनि यस्तो भिक्षाटन कार्यक्रमलाई अगाडि बढाउँदै लैजानु परेको छ । यहाँ धनि वर्गले मात्र धर्म गर्ने होइन कि गरीबले पनि यथा श्रद्धाले आफ्नो गक्ष अनुसार दान दिई सुकर्म गर्ने अवसर पाउनेछ । मानिसको जीवनमा आफूले कमाएको धन केही अंश पुण्यकाममा, धर्म कर्ममा खर्च गर्नुपर्दछ । यसैबाट सबैको कल्याण हुनेछ । यही नै धर्मको कार्य हो । यसैले देशमा धर्मको संरक्षण हुनेछ । यसका लागि पनि भिक्षाटन जस्ता कार्यक्रमलाई घर दैलोमा पुऱ्याउनु पर्ने भएको छ । सकेमा यसलाई संस्थानुगत विकास गर्न पाएमा बौद्ध धर्मको रक्षा गर्न निक्कै टेवा मिल्नेछ । ■

**–: लोक–नीति :–**

**"श्रेष्ठ उत्तम आमा भएको मानिसको बोलीवचन राम्रो हुन्छ, श्रेष्ठ बाबु भएको मानिसको चालचलन राम्रो हुन्छ, आमा र बाबु दुवै जना श्रेष्ठ भएको मानिसको बोलीवचन र चालचलन दुवैवटा राम्रो हुन्छ ।"**

# अनित्य

✎ **सरोज उदास**, पोखरा-३

बुद्ध धर्म संघको
शरणमा जाउँ ।
अज्ञान मनको पर्दा हटाउँ
अनित्य बोध जगाउँ ।

जीवन हाम्रो सपना समान
मृत अमृतको दोभान ।
अनित्य जीवन हो यो हाम्रो
नदर्शाउँ ब्यर्थको ज्ञान ।

अनित्य माया अनित्य काया
अनित्य यो संसार ।
जीवन नाउ बिचमा नडुबाउँ
तारौं यसलाई पार ।

दाजु र भाई दिदी र बहिनी
नाताकुटुम्बको भाषा ।
अन्त्यको बेला हुन्न सहारा
यो सब खेल तमासा ।

मानव चोला भोली के होला ।
हुन्न अनित्यको ज्ञान ।
तेरो र मेरो भन्दाभन्दै
आखिर छाड्छ प्राण ।

दुःखको सागर हो यो संसार
बुझौं यसको सार ।
मध्यममार्गको नाउमा जाउँ
तार्नलाई जीवन पार ।



Downloaded from http://www.dhamma.digital

# बुद्ध शिक्षा र व्यवहारिकता

सबिना शाक्य
*बौद्ध युवा कमिटी, यल*

बुद्धले प्रचार गर्नुभएको शिक्षामा धेरैजसो शील स्वभाव र शुद्ध आचरणलाई प्राथमिकता दिएको देखिन्छ। त्यसैले उहाँ धेरैजसो उपदेश दिंदाखेरी शीलका बारेमा कुरा उठाउनु हुन्थ्यो। शील आचरण भन्नाले आफ्नो बानी व्यवहारलाई राम्रो पार्नु, चरित्र शुद्ध हुनु र सदाचारी भई इमान्दारीपूर्वक जीवन जीउन हो। अरूलाई अप्ठ्यारो हुने, बाधा हुने, नराम्रो असर पार्ने कामकुरो नगर्नु हो। चरित्र शुद्ध पारी धार्मिक जीवन बिताउन साथीभाई बीच आपसी परस्पर मेलमिलाप भई विश्वासिलो वातावरण बनाई सुख र शान्तिमयपूर्वक जीवन बिताउन शील सदाचार, नैतिकता नभई नहुने महत्वपूर्ण गुणधर्म भएको हुनाले बुद्धले धेरैजसो शील आचरणका बारेमा चर्चा गर्नुभएको छ। वास्तवमा सदाचार र इमान्दार बिनाले जीवन स्वच्छ र निर्दोषपूर्वक बिताउन सकिंदैन।

यी कुराहरू राम्रो र आवश्यक भए पनि व्यवहारमा उतार्न गाऱ्हो छ। कुरा अनुसार काम गर्न सजिलो छैन। धेरै नै कठीन छ। तैपनि, जीवन सार्थक र उज्वल बनाउन राम्रो कुराहरू अनुशरण गरी पालना गर्नु पर्दछ। अशुद्ध नियत राखी गरेको कामकुराको प्रतिफल नराम्रो र दुःखपूर्ण हुने गर्छ। त्यसैले राम्रोसँग सुत्न चाहन्छौं भने, मनमा शान्ति चाहन्छौ भने, जीवनमा राम्रो बानी व्यवहार सहितको शुद्ध आचरण हुनुपर्ने देखिन्छ। आजको समाजमा धेरैजसो मानिसहरूको जीवन शील सदाचार जस्ता मानवीय गुणले सम्पन्न भएको देखिंदैन। धेरैजसो आवश्यक कार्यहीन कुराहरू मात्र गर्छन्। एकले अर्कालाई निन्दा चर्चा र गाली मात्र गर्न पुग्छन्। जीवन शैली स्वच्छ र राम्रो तरीका बिताउन सकिराखेको छैन। परिणाम स्वरूप जताततै मानिसहरूको महत्वाकांक्षी र स्वार्थले गर्दा परस्पर अविश्वास र षडयन्त्रको वातावरणले छाएको छ। कतै शान्ति छैन। जतातही लुटपाट, बलात्कार, हत्या जस्ता अपराधिक गतिविधि मात्र भइरहेको कुरा दिनका दिन सुन्नमा आउँछ अध्यात्मिक उन्नति भइराखेको छैन। यसरी अशान्ति र वैमनुष्यताले भरिपूर्ण समाजमा राम्रा हित हुने कुरा गर्नु पनि शत्रु कमाउने जस्तो भइसकेको छ। राम्रो हित हुने ज्ञान-गुणका कुराहरू गर्ने बित्तिकै कसै कसैलाई रीस उठ्ने पनि हुन्छ। राम्रो व्यवहार भएको इमान्दार भलादमी व्यक्ति पाउन मुश्किल भईसकेको छ। धर्मलाई नसुन्नु र सुनेपनि सो अनुसार आचरण नगर्ने प्रवृतिले गर्दा यस्तो भएको हो। शुद्ध चेतना र राम्रो कुरामा प्रेरणा दिने व्यक्ति नभएकोले यस्तो भएको हो। मार्गप्रदर्शकको खाँचो छ।

धेरैजसो लेखपढ् गरेका शिक्षित भनाउँदाहरू पनि नराम्रो क्रियाकलापमा संलग्न छन्। लोभ र लालचमापरी समाजलाई अहित हुने काम गरी राखेका छन्। लेखपढ् गरेर मानिस विद्वान् त बन्छ तर ज्ञानी सत्पुरुष बन्दैन। बुद्धका अनुयायी बौद्धहरू पनि आ-आफ्नो नराम्रा पुराना संस्कारलाई यथावत राखी धेरैजसो बुद्ध शिक्षाका बारेमा खुब चर्चा परिचर्चा गर्नमा व्यस्त छन्। तल्लिन छन्। बुद्धका बारेमा खुब चर्चा गरे पनि, भाषण दिइराखे तापनि, अरूलाई उपदेश दिइ राखे तापनि, आ-आफ्नो व्यवहारमा त्यति राम्रो भएको देखिंदैन। एक बौद्ध उपासक उपासिकामा हुनुपर्ने गुण धेरैजसोमा देखिंदैन। गुणधर्मलाई अभ्यास गर्ने प्रयत्न भइराखेको छैन। बृद्धि गर्नसकेको छैन। गधाले श्रीखण्डलाई भारी हुनेगरी बोके तापनि श्रीखण्डको गन्ध थाहा पाउन सक्दैन भने झैं बौद्धहरू पनि बुद्धका बारेमा धेरै जानकारी भए तापनि आचारण नगर्ने, अभ्यास नगर्ने प्रवृतिले अमृतमय फलको अनुभव गर्न सकिराखेको छैन। समाजमा राम्रो काममा नमूना योग्य बनाउन सकेको छैन। बौद्ध पनि त्यस्तै, अबौद्ध पनि त्यस्तै भई राखेको छ। त्यसैले विशेषगरी बुद्धका अनुयायीहरू आफ्ना नराम्रो बानीलाई केही मात्रामा हटाई धार्मिक जीवन जीउने अभ्यास गर्नुपर्छ। केही मात्रामा पनि शान्ति र सुखको अनुभव गर्न सक्नु पर्छ। आफूले आफैंलाई चिन्ने प्रयास गरी आफ्नो मन, वचन र कर्मप्रति होस् राख्न सके, निगरानीमा राख्न सके, अरूलाई अहित हुने, अशान्ति हुने काम नगरी आ-आफ्नो चरित्रलाई राम्रो बनाई सच्चा चरित्रवान बनी बानी व्यवहारमा सुधार ल्याउन सक्छ होला भनी आशा गर्न सकिन्छ।

यसरी आ-आफ्नो चरित्रलाई सुधारी आचरण शुद्ध भई सेवा भाव राखी गरेको कार्य प्रभावकारी बन्ने छ। सबैले मन पराउने छ। त्यसैले धर्म प्रचार गर्दा प्रचारक-हरूको स्वभाव आचरणले ठूलो भूमिका खेल्ने हुनाले व्यवहार शुद्ध र रचनात्मक हुनु आवश्यक छ। त्यसैले बुद्धले बताउनु भएको उपदेशलाई बुझी, मनन गरी, आचरण गरी बुद्ध शिक्षालाई अपनाएर सदाचारी, इमानदारी, शिष्टाचारी भई जनमानसमा प्रभावित पारी बुद्ध शिक्षालाई प्रचार गरेको खण्डमा मात्र अहिलेको भयावह, अशान्त वातावरणबाट मुक्त हुन सक्छौं। सुख र शान्तिको जीवन निर्वाह गर्न सक्छौं। ■



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-१३

✍ प्रेमहिरा तुलाधर

थुगु "धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-१३" धैगु च्वसु धर्मकीर्ति पत्रिकाया दँ १५ ल्याः १ स पिदंगु "धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-१" धैगु च्वसुया झिंस्वंगूगु ब्व खः। थुगु च्वसुइ धर्मकीर्ति पत्रिकाया वर्ष २, अंक ६ निसें ११ पूर्णाङ्क तक्क पिदंगु मिसा च्वमिपिनि च्वसुया बारे छुं खं न्ह्यब्वयगु जुइ। खला थुगु धर्मकीर्ति पत्रिका २०२९ सालं निसें दँ पौया रूपं पिदना वया च्वच्वं २०४१ सालं निसें निलापौ जुया उगु दँय् न्यागू ल्याः पिदन। थ्वहे कथं २०४१ सालं नं थुगु धर्मकीर्ति पत्रिका निलापौ जुया २०४१ साल जेष्ठ निसें चैत्र महिना तक याना खुगू ल्याः पिदना २०४० सालं निसें निला पौ जुया पिदनेवं थुगु पत्रिकाया वर्ष व अंक नं न्हूघाः जुया वर्ष १ अंक १ जुया न्यागू ल्याः पिदंगु खः। २०४१ सालं वर्ष २ व अक ६ निसें ११ तक पिदंगु खः। आः थ्व हे ल्याः ६ निसें ११ तक खुगू अंकय् खनेदुपिं मिसा च्वमिपिनि बारे छक मिखा ब्वय्।

१३. (क) भिक्षु अश्वघोष (प्र.सं.) -
धर्मकीर्ति, दँ २, ल्याः ६, ने.सं. ११०४ स्वाँया पुन्ही, बु.सं. २५२८, वि.सं. २०४१, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, श्रीघः, नःघःत्वाः, काठमाडौं।

(ख) भिक्षु अश्वघोष (प्र.सं.) -
धर्मकीर्ति दँ २, ल्याः ७, ने.सं. ११०४ गुरु-पुन्ही, बु.सं. २५२८ वि.सं. २०४१, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार श्रीघः नःघःत्वाः, काठमांडौं।

(ग) भिक्षु अश्वघोष (प्र.सं.) -
धर्मकीर्ति दँ २, ल्याः ८ ने.सं. ११०४ येन्या पुन्ही बु.सं. २५२८, वि.सं. २०४१ धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी धर्मकीर्ति विहार, श्रीघः, नःघःत्वाः, काठमाडौं।

(घ) भिक्षु अश्वघोष (प्र.सं.) -
धर्मकीर्ति दँ २, ल्याः ९ ने.सं. ११०५ सकिमिला पुन्ही, बु.सं. २५२८, वि.सं. २०४१ धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, श्रीघः, नःघःत्वाः, काठमाडौं।

(ङ) भिक्षु अश्वघोष (प्र.सं.) -
धर्मकीर्ति दँ २, ल्याः १०, ने.सं. ११०५ मिला पुन्ही, बु.सं. २५२८, वि.सं. २०४१ धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, श्रीघः, नःघःत्वाः, काठमाडौं।

(च) भिक्षु अश्वघोष (प्र.सं.) -
धर्मकीर्ति दँ २, ल्याः ११, ने.सं. ११०५ होलिपुन्ही, बु.सं. २५२८, वि.सं. २०४१ धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, श्रीघः, नःघःत्वाः, काठमाडौं।

च्वय् बियागु २०४१ सालं पिदंगु धर्मकीर्ति निलापौया ल्याः ६ निसें ११ तक खुगू अंकय् खनेदुपिं मिसा च्वमिपिं व वयकःपिनि च्वसुत क्वय् न्ह्यथना कथं दु।

१. दँ २, ल्याः ६
(क) तुलाधर, लोचनतारा - "पूजा याय योग्यपिन्त पूजा यायगु - पौ. ४-५ मंगल-३"
(ख) धम्मवती - "स्वार्थी बन्नु हुँदैन" - पौ. २९-३०

२. दँ २, ल्याः ७
(क) शाक्य, अमीर कुमारी - "छुखः छुखः कविता" - पौ. ३

३. दँ २, ल्याः ९ -

४. दँ २, ल्याः ९ -
(क) अनगारिका, यशवती - "न्हापा यानागु पुण्य दैगु नं - पौ. ४ मंगल खः"
(ख) वनियाँ, रीना - "दोषारोपण याइम्हेसित दयमाःगु गुण" - पौ. ५-६

५. दँ २, ल्याः १० -

६. दँ २, ल्याः ११ -
(क) तुलाधर, लोचनतारा - "व्यवहारिक सन्तुलनय गृही विनय" - पौ. २-३ व शिष्टाचार"
(ख) जुनेलि, - दोहंया इन्साफ - पौ. ४-६
(ग) अनगारिका, रूपावती - "विद्वान व शिक्षित जुइगु मंगल" - पौ. ७

थुकथं थुगु धर्मकीर्ति निलापौ जुया पिदंगु निगूगु दँय् मुक्कं खुगू ल्याः पिदन। अले थ्व खुगू ल्याखय् जम्मा



Downloaded from http://www.dhamma.digital

ख्वीस्वम्ह च्वमिपिनि च्वसु व कविता दुथ्या:गु दु। गुकी च्याम्ह हे जक मिसा च्वमिपिनि च्वसु व चिनाखँ पिदँगु दु। थुगु दँय् वया मिसा च्वमिपिनि ल्या: तसकं हे म्ह जुगू दु। धर्मकीर्ति पत्रिकाया थुगु दँया खुगू ल्या: मध्यय् ८ व १० निगू ल्याखय् मिसा च्वमिपिनि च्वसु हे दुथ्या:गु मदु।

धर्मकीर्ति निलापौया दँ २, ल्या: ६ स्वाँया पुन्हीया ल्याखय् दुथ्यापिं निम्हं हे जक मिसा च्वमिपिं मध्ये न्हापाम्ह मय्जु लोचनतारा तुलाधरजु ख: । वय्क:या "पूजायाय् योग्यपिन्त पूजा याय्गु मंगल-३" धैगु च्वसुइ पूजायाय् योग्यपिं धाय्बले झीगु मिखाय् च्वपिं न्हचोने दँ वइसां धात्थें पूजायाय् योग्यपिं बुद्ध प्रत्येक बुद्ध, अरहन्त, माँबौ, गुरु व थ:स्वया गुण धर्म दुपिं थकालिपिं ख: धका धयादीगु दु। थुगु च्वसुइ वय्कलं आमिस पूजा धैगु स्वाँ धुं धुँपाँय् तथा पुज्याय्गु भौतिक पूजा व प्रतिपति पूजा धैगु पूजायाय् योग्यपिन्त नुगलं श्रद्धा तया इमिप्रति कर्तव्य पालन याना सेवा याय्गु ख: धका निगू पूजाया नं उल्लेख यानादीगु दु। नापं श्रद्धा मदुपिन्त श्रद्धा अप्व: दय्केत आमिस पूजा महत्वपूर्ण जूसा श्रद्धा क्वातुइ धुंका बुद्धमूर्ति न्ह्चोने मदुसां बुद्धया उपदेश थुइका व्यवहारय् छयला न्ह्चा:वनेगु हे पूजा यानागु जुइ धैदिसे भौतिक साधनं पूजा याना थैं थ:स्वया गुण धर्म दुपिं थकालिपिनि हरेक शिक्षा यथार्थ थुइका ग्रहण याना काय्गु पूजाया धात्थेंगु अर्थ ख: धका लेखिका मय्जुं झी सकसितं ध्वाथुइक कनादीगु दु।

थुगु हे ल्याखय् मेम्ह मिसा च्वमि पुज्यनिय धम्मवती गुरुमाँया "स्वार्थी बन्नु हुँदैन" धैगु च्वसु नं दुथ्यागु दु गुगु च्वसु धर्मकीर्ति पत्रिकाया ल्या: १० सय नं पिदने धुंकूगु ख: । वसपोलं थुगु च्वसुइ झीपिं गबलें स्वार्थी जुइमज्यु, थ:गु स्वार्थ पूरा याय् धका स्वत्तले छखें कति ला:सां मेखें गति मलाना वनी धैगु खँ कना विज्यागु दु। थ्व खँया प्रमाणित याना विज्याय्त स्वार्थीम्ह व स्वार्थी मजूम्ह निम्ह दाजुकिजाया बाखँ छपू न्ह्यथना बिज्यासे थ:गु स्वार्थ पूरा याना धनप्व: धका प्व: फ्यना स्व:बले अप्पा बाकूया प्व: लाना किजाम्हेस्या मन दाह जुइका च्वनेमाल। थुकथं थ:त जक जीके, भिंके कतिलाके धका स्वार्थी जुया च्वंपिनि गबलें भिं जूइ मखु, बरू अज्यापिसं न्ह्चाबलें दु:ख सिया च्वनेमाली । उकिं वसपोल गुरुमांजु थ्व च्वसुइ याउँक जीवन न्ह्चाकेत झी सकसितं निस्वार्थ भावं ज्या याना वने मा:गु खँ कना बिज्यागु दु।

धर्मकीर्ति निलापौया दँ २ थ्यंल्या: ७ स छम्ह हे जक मिसा च्वमि मय्जु अमीर कुमारी शाक्य पिलू झा:गु दु । थुगु ल्याखय् वय्क:या "छुख: छुख:" धैगु कविता पिदँगु दु । थुगु कविताय वय्कलं नेपा: देशय् बुद्ध बूगु ख:सां थन सत्यतायात थाय्मदु, गरीबत थहाँ वय्गु लँ मदु, बल्लापिं हे त्याइगु, खँ स:म्ह हे जक देथलाइगु, ब्वाय् फुम्ह न्हापा लाइगु अले थन नख:चख: नं गरीबतय् लागी अ:ख: जुयाच्वंगु दु धैदीगु दु। तर अ:ख:, न्ह्चोख: छु:ख:, छु मखु धैदिसे वय्कलं सन्तोष हे सुखया लँपू ख: धैगु भगवान बुद्धया उपदेश सकस्यां थुइके मा:गु कविताय् न्ह्चथना दीगु दु । धर्मकीर्ति निलापौया दँ २ थ्यंल्या: ८ स छम्ह हे मिसा च्वमिपिनि च्वसु दुथ्या:गु खनेमदु । तर धर्मकीर्ति निलापौया दँ २ थ्यंल्या: ९ स निम्ह मिसा च्वमिपिनि च्वसु दुथ्या:गु। थ्वय्क:पिं निम्ह मिसा च्वमिपिं मध्येय् न्हापाम्ह अनगारिका यशवती गुरुमाँया "न्हापा यानागु पुण्य दैगु नं मंगल ख:" धैगु च्वसुइ वसपोल गुरुमा नं झी मनूतय्गु चित्तय् प्यपुना च्वंगु राग, द्वेष, मोहलं मुक्त याना विइगु हे पुण्य ख: अर्थात् धर्म ख: धैबिज्यासे पुण्य कर्म यानागुया फल आ: नं लिपा नं भिं जुइगुलिं पुण्य धैगु मनूतय्त, देवतापिन्त भिक्षु, भिक्षुणीपिन्त सकसितं ज्याय् ख्यले दु, अथेहे पुण्य धैगु सकसितं उपकार याय्त ल्यू ल्यू वइम्ह पासा ख: धैगु खँ न्ह्चथना बिज्यागु दु। नापं न्हापा याना तयागु कर्मया फल सकस्यां भोगय याय्मा:, अजात शत्रु दुष्टम्ह देबदत्तया संगतं याना थ: अबुयात स्याना नर्कय् वनेमाल उकिं पाप कर्म अमंगल ख: । थुकथं गुगु ज्या याना थ:त नं मेपिन्त नं उपकार जुइ, सुखी जुइ अज्यागु पुण्य कर्म झी सकस्यां याना वने मा:गु खँ गुरुमाँ नं ध्वाथुइक कना बिज्यागु दु।

थ्व हे ल्या:या मेम्ह मिसा च्वमि मय्जु रीना वनियाँजुया "दोषारोपण याइम्हेसिके दय्मा:गु गुण" धैगु शिर्षकया च्वसुइ वय्कलं दोष धैगु न्ह्याम्हसिकें दइ तर क्लेस चफुइ धुंकूम्ह मनूयाके जक दोष दइमखु धैदिसे झी मनूतय्सं थ:गु दोष थ:म्हं मखनीगु मनूतय् स्वभाव ख: अले व दोष सुनां क्यना बिल धा:सा थ:गु दोषयात स्वीकार याना काय् मफैगु मनूतय्गु कमजोरी ख: । दोष क्यना बीम्ह मनू खना तँचाइपिं हे आपा दइ तर दोष क्यनीम्ह व्यक्ति मसया नं थज्यागु खँय् ल्वापु जुया च्वनेयो धका धयादीगु दु। नापं मनूतय् दथ्वी दोषारोपण



Downloaded from http://www.dhamma.digital

यायूगु चलन थौंकन्हे जक मखु बुद्धया पालय् नं भिक्षुपिनि दथ्वी परस्पर दोषारोपण याः धैगु खँ बुद्धकालीन घटनां सीका कायफु धैदिसे दोषारोपण याय्गु खँय् न्ह्याबलें ल्वापु जुया च्वनीगुलिं छन्हु सारीपुत्र भन्तेनं भिक्षुपिं मुंका दोषारोपण याइम्हेसिके विभिन्न गुण दय्माः धैबिज्यागु खँ नं लेखिका मय्जुं न्ह्यथना दिल । गथे (१) पायछि इलय् दोष बीमाः (२) खःगु जक धाय्माः (३) नरम वचनं धाय्मा (४) भिं याय्गु मनं धाय्माः (५) मैत्रीपूर्वकं धाय्माः । अन्तय् भगवान बुद्धं नं मखुगु याःपिन्त सुधारे याय्या निंतिं कडा वचनं ब्वबिया दोष क्यना बिज्यागु आपालं घटनात दु । तर वसपोलं मैत्री, करूणा, सहित भिंकेया निंतिं दोष क्यना बिज्याइ । थुकथं सुयागुं दोष क्यनीम्ह व्यक्तियाके आपालं गुण दय्माः अले जक दोष बियागुया फाइदा दइ दोषीम्ह व्यक्ति सुधारे जुइ, ल्वापु ख्यापु दै मखु धैगु खँ लेखिका मय्जुं न्ह्यथना दीगु दु ।

धर्मकीर्ति निलापौया दँ २ थ्यंल्याः १० स छम्ह हे मिसा च्वमिपिनि च्वसु दुथ्यागु मदु । तर थ्व हे दँया धर्मकीर्ति निलापौ थ्यंल्याः ११ स स्वम्ह मिसा, च्वमिपिनि च्वसु दुथ्यागु दु । थुगु ल्याखय् दुथ्यापिं मिसा च्वमिपिं मध्यय् न्हापांम्ह मय्जु लोचनतारा तुलाधर खः । वय्कया "व्यवहारिक सन्तुलनय् गृही विनय् व शिष्टाचार" धैगु च्वसुइ वय्कलं पुज्यनिय अमृतानन्द भन्ते नं च्वया बिज्यागु "गृही विनय" व मेम्ह श्रद्धेय सुन्दन्द भन्ते नं च्वया बिज्यागु "शिष्टाचार" निगू सफुतिइ खनेदुगु झी मनू मात्रं पालन याय् माःगु कर्तव्यया बारे व झीसं व्यवहारय् याय्माःगु शिष्टाचारया बारे च्वया बिज्यागु खँ न्ह्यथना दीगु दु । नापं गृहस्थ जीवनय् शान्तमय्गु लँपु न्ह्याका यँकेगु प्रारम्भिक शिक्षा कायत गृही विनय व शिष्टाचार सफू तसकं महत्वपूर्ण जू धैदिसे गृही विनयलय् खुगू दिशाय् च्वँपिनिगु गुण लुमंका इमिप्रति कर्तव्य पालन याय्गु शिक्षा वियाच्वंगु दुसा शिष्टाचार सफुतिइ थाय्स्वया खँल्हाय् सय्केगु थःस्वया च्वय्यापिं लिसे गथे व्यवहार याय्गु जीवनया हरेक पक्षय गथे संयमित जुया च्वनेगु धैगु शिक्षा विया च्वंगु महत्वपूगु खँ नं कनादीगु दु ! थुकथं शील, स्वभाव, व्यवहार, नैतिकता, शुद्ध आचरणया प्रारम्भिक शिक्षा कायत "गृही विनय" व "शिष्टाचार" सफू ब्वनेगु व ब्वनाथें छ्यलेगु तसकं आवश्यक जू धैगु सल्लाह बियादीगु दु ।

थथे हे थुगु ल्याःया मेम्ह मिसा च्वमि मय्जु जुनेलिजुं "दोहँया इन्साफ" धैगु बाखँ छपू न्ह्यब्वया झीसं मखुगु मत्योगु ज्या गबलें याय् मज्यू, यदि थज्यागु ज्या यात धाःसा जीवनय् आपालं दुःख कष्ट हनेमाली धैगु खँ कनादीगु दु । बाखँ कथं छगू इलय् महोसध कुमार वोधिसत्व जुया जन्म जुया विज्याःबले दोहँ थुवा व दोहँ खुँ निम्हेस्या विचे वनं थःम्हस्या दोहं धाल वनं थःम्हस्या दोहँ धका ल्वापु जूबले वोधिसत्व महोसध कुमारं खुँयात खुँ व मालिकयात मालिक धका इन्साफ याय्वं खुँयात वोधिसत्वया पासापिसं लाकमं च्वाना, दाया, जन्मभर मछालापुसे च्वंक दण्ड नं बिल धैगु खँ बाखनय् न्ह्यथना, थज्यागु याय्मज्यूगु, मत्योगु ज्या गबलें याय् मज्यू धैगु खँ नं सकसितं कनादीगु दु ।

थथे हे थुगु ल्याःया मेम्ह मिसा च्वमि अनगारिका रूपावती गुरुमां नं "विद्वान व शिक्षित जुइगु मंगल" धैगु च्वसु च्वया बिज्यागु दु । गुगु च्वसुइ वसपोलं झी सकल मनूतय्गु जीवन सुथां लाक्क न्ह्याकेत सय्के सीके याय्माः सःस्यूथे ज्या याय् सय्कयेमाः, अले शिक्षित जुया व्यवहार याय् सय्केमाः । थुकथं सय्के सीकेगु व शिक्षित जुइगु नं मंगल खः धका भगवान बुद्धं कना बिज्यागु मंगल सूत्रय् दुथ्याना च्वंगु दु धका धया बिज्यागु दु । तर सय्का तयाथें छुं ज्या याय् मसःसा याय् म्हाःसा ध्यवा दःसां जीवन ताले लाइ मखु, करोडपति जूसां फ्वना नय् माली । थः सः धका अभिमान याना करपिन्त च्यो याय्गु स्वःसां मंगल जुइ मखु धैगु खँ न्ह्यथना बिज्यासे झीसं नं ताले लाक्क जीवन न्ह्याका यंकेत अल्छी, घमण्डी, अभिमानी मजुसे मसः मस्यूगु सय्का सःस्यूथें ज्याँ याना शिक्षित जुया सकलें नापं बाँलाक व्यवहार याना वनेमाः धैगु उपदेश बिया बिज्यागु दु । ■

**धर्मकीर्ति पत्रिकाया २०५५ चैत्र महिनाया ल्हुतिपुन्हि ल्याः वर्ष १६ अङ्क १२ य् दुथ्यागु "धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-१२" जुइमाःगुलि "धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-११" जुया च्वंगुलिं भिंका ब्वनादीत इनाप याना च्वना ।**



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति विहारमा अभिधर्म पाठ

२०५६ श्रावण १३ गते श्रद्धेय धम्मवती गुरुमां ६३ वर्ष पूर्ण गर्नुभई ६४ प्रवेश गर्नुभएको उपलक्ष्यमा धर्मकीर्ति विहारमा एक सप्ताहसम्म श्रद्धेय भिक्षुसंघद्वारा अभिधम्म पाठ सम्पन्न भयो। यस अवसरमा पाठ गर्नुहुने श्रद्धेय भिक्षुहरू यस प्रकार छन्–

| | | |
|---|---|---|
| २०५६/४/७ | धम्मसङ्गणि | - भिक्षु बुद्धघोष, उ. धम्मानन्द बर्मी, उ. सुजनपीया बर्मी भन्तेहरू |
| २०५६/४/८ | विभङ्ग | - भिक्षु भद्दिय र कौण्डन्य भन्ते |
| २०५६/४/९ | कथावत्थु | - भिक्षु कुमार र पञ्ञामूर्ति भन्ते |
| २०५६/४/१० | धातुकथा | - भिक्षु वोधिसेन र गुणघोष भन्ते |
| २०५६/४/११ | पुग्गलपञ्ञति | - ञाणपूर्णिक भन्ते र कौण्डन्य भन्ते |
| २०५६/४/१२ | यमक | - अश्वघोष भन्ते र कौण्डन्य भन्ते |
| २०५६/४/१३ | पट्ठान | - सुगतमुनि भन्ते र सुमेध भन्ते |

यस अवसरमा धर्मकीर्ति विहारका उपासक उपासिकाहरूले श्रद्धेय धम्मवती गुरुमाँको सुख, सम्वृद्धि तथा आयु आरोग्यको कामना गर्नुको साथै जलपान भोजन गराउनमा पनि मद्दत गर्नुभएको थियो।

## अर्थ सम्बन्धी बुद्धको उपदेश

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको प्रत्येक शनिवार बुद्ध धर्म सम्बन्धी प्रवचन कार्यक्रम अनुसार २०५६ जेष्ठ २२ गते अर्थ सम्बन्धी बुद्धको उपदेश बारे श्री श्यामलाल चित्रकारले प्रवचन दिनुभयो।

बुद्धको सन्देश अनुसार आध्यात्मिक उन्नतिको लागि पहिले आधारभूत आवश्यकता शरीर सुरक्षाको लागि लत्ता-कपडा, खाना, बस्ने ठाउँ (घर) र औषधिको व्यवस्था हुन आवश्यक छ। यी आधारभूत आवश्यकताको लागि खुब मेहनत गरेर कमाउनु पर्छ। कमाएको धनको सुरक्षा हुनुपर्छ। सज्जन साथीहरू हुनु जरूरी छ। आम्दानी अनुसार खर्च गर्न सक्नुपर्छ। यी कुरा बुद्धले दीघ जानु भन्ने व्यापारीलाई भन्नुभएको थियो।

फेरि बुद्धले सिगालपुत्रलाई भन्नुभयो– व्यक्तिले खानेलाई मात्र पुग्नेगरी कमाएर पुग्दैन। कमाएको धन कसरी सदुपयोग गर्ने र कुन तरिकाले खर्च गर्ने।

**एकेन भोगं भुञ्जेय्य् द्विही कम्मं पयोजये**
**चतुत्थं च निधापेय्य आपदासु भविस्सति**

कमाएको धनबाट एकभाग खाने र दैनिक खर्च गर्ने, दुई भाग आफ्नो व्यापारमा लगाउने र चौथो भाग भइपरी आउने कामको लागि सुरक्षित राख्ने।

उपयुक्त बुद्धको शिक्षा अनुसार व्यवहार चलाउनसके मानिसको जीवन सुखमय हुन सक्छ।

चक्क वत्तिसिहनाद सूत्रमा बुद्धले भन्नुभएको थियो अपराधको मूल कारण नै गरीबी हो। २५०० वर्ष पहिले बुद्धले भन्नुभएको कुरा आजका राजनीति नेताहरूले मनन गर्ने बुझ्नुपर्ने कुरो हो।

उक्त दिनको रिपोर्टिङ्ग श्रीमती विमला शाक्यले गर्नुभएको थियो।

## बुद्ध शासनमा महिलाहरूको देन

स्थान: धर्मकीर्ति विहार। २०५६ साल आषाढ १२ गते।

२०५६ साल आषाढ १२ गते शनिवारका दिन "बुद्ध शासनमा महिलाहरूको देन" विषयमा प्रवचन दिनुहुँदै भिक्षुणी धम्मवती गुरुमाले बुद्ध शासन टिकाई राख्नमा पुरुषहरू सरह महिलाहरूको पनि ठूलो योगदान रहेको साथै राणाकालीन समयमा बुद्ध शासन बचाई राख्न नेपाली उपासीकाहरूको खास योगदान रहेको बिचार प्रकट गर्नुभयो। भिक्षु, भिक्षुणी, उपासक-उपासिकाहरू बुद्ध शासन रूपी रथको चार पाङ्ग्राहरू हुन् र सबै पाङ्ग्राहरूको बराबर महत्व हुन्छन्। सोही अनुरूप देश विकास कार्यमा पनि पुरुष र महिलाको बराबर योगदान हुनुपर्छ। काममा महिला र पुरुष भनि भेदभाव गर्नुहुँदैन। बर्मामा गृहस्थी कार्यहरूमा पनि पुरुषहरूले पनि बराबर सहयोग गर्ने गर्छन् सोही अनुरूप नेपालमा पनि पुरुषहरूको विचारधाराहरूमा परिवर्तनको खाँचो भएको कुरा उहाँले औंल्याउनुभयो।

बुद्धकालीन समयमा कुनै विषयमा अरूहरूभन्दा विशेषता हासिल गर्नेलाई एतदग्ग पदवी दिने चलन थियो। एतदग्ग पदवी पाउने पुरुषहरू मात्र नभई महिलाहरू पनि धेरै थिए। प्रज्ञामा खेमा महारानीले, कथा भन्नेमा खुजुत्तराले, दान दिनेमा विशाखाले र रिद्धीमा उत्पलवर्णा इत्यादि महिलाहरूले एतदग्ग पदवी पाउनु भएका थिए। प्रवचनको अन्तमा हालको समयमा पनि भिक्षु भिक्षुणीहरू र उपासक-उपासिकाहरूले बुद्ध शासनलाई अभिबृद्धी गर्न ठूलो सहयोग दिदै आउनु भएको कुरा बताउनु भयो। उक्त दिनको रिपोर्ट श्यामलाल चित्रकारले गर्नुभएको थियो।

## बुद्धकालीन अनुशासनहीन भिक्षुहरू

२०५६ आषाढ २६ गते। धर्मकीर्ति अध्ययन गोष्ठीको नियमित शनिबारको कार्यक्रम सम्पन्न भयो। उक्त दिन भिक्षु अश्वघोष महास्थविरले बुद्धकालीन अनुशासनहीन भिक्षुहरू विषयक उदाहरण सहित व्याख्या गर्नुभयो।

उहाँले भन्नुभयो आजको विषय अलि नौलो किसिमको हो। किनभने बुद्धकालीन अनुशासनहीन अज्ञानी भिक्षुहरूको बारेमा।



Downloaded from http://www.dhamma.digital

बुद्ध जीवनी पढ्दाखेरी बुद्धले गृहत्याग पछि एकछाक मात्र भोजन गर्नुहुन्थ्यो भनी उल्लेख भएको पाइन्छ । तर मज्झिम निकायको भद्दालि सूत्र अनुसार राती नखाने नियम पछि मात्र बनेको देखिन्छ । विनय पिटक अनुसार भिक्षु संघको संगठन भएर २० वर्षसम्म विशेष केही नियम बनाउनु परेन । धेरैजसो बुद्धको व्यक्तित्वदेखि र उपदेश सुनेर प्रभावित भएर वैराग्य चित्तले भिक्षु बन्ने आउँथे । शुद्ध त्यागी बन्नको लागि घर छोडेर आउँथ्यो, पछि अनाथपिण्डिक र विशाखा उपासिकाहरूले सुविधा मुखी विहार मात्र बनाइ दिनुभएको होइन खाना पनि मिठो-मिठो दान गर्न थाले । त्यसपछि बाँच्नको लागि खाना खानु पर्ने सिद्धान्तलाई बिर्सी खानको लागि जीवन ठानी लोभ चेतनाले भिक्षु बन्न आउन थाले । दिनको धेरै चोटी खाएर दिन बिताउन थाले ।

पछि गौतम बुद्धले भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभयो– भिक्षुहरू ! मैले एकछाक मात्र खाना खाने गर्दछु । यसले गर्दा स्वास्थ्यलाभ हुन्छ । बेलुकी भिक्षाटन जाँदा खेरी चोर भनेर समातेर लैजान्छ । बाटोमा बसेका गाई र साँडेले हानिदिन्छ । वेश्याहरूले यौन सम्बन्ध राख्न जबरजस्ति समातेर लगिन्छ इत्यादि धेरै झन्झटबाट बच्नको लागि राती नखानु बेस । आइन्दा राती नखाने भनेर नियम बनाइ दिनुभयो । भद्दालि नामक भिक्षुले त्यही विरोध गरेर अलग बस्नगए । पछि आफैले महसूस गरेर विचार गर्न थाले बुद्धले जुन नियम बनाउनु भयो त्यो ठीक रहेछ । मैले गल्ति गरें ठानेर बुद्धकहाँ गएर क्षमा माग्न पुगे ।

बुद्धले सोध्नुभयो– तिमीले भित्रैदेखि महसूस गरेर क्षमा माग्न आएको हो ?

भिक्षुले भने– म आफैले महसूस गरेर क्षमा माग्न आइपुगेको हुँ ।

बुद्धले भन्नुभयो– त्यसो भए ठीक छ । यो राम्रो आर्य संस्कृति हो । तर छब्बग्गिय भिक्षुहरूले बुद्धले बनाउनु भएको नियमलाई पालन गरेन, बुद्धलाई टेर्दैनन् । अनुशासनहीन नै बनिरहे ।

एकचोटी बुद्धसँग एकजनाले सोध्यो– भो शास्ता, पहिले धेरै नियम नभएको बेला धेरै अरहन्त (शुद्ध र निर्लोभी) हरू देख्न पाइन्थ्यो । अहिले नियम धेरै भएको बेला अरहन्तहरूको संख्या घटेर गए, किन ?

बुद्धले भन्नुभयो– पहिले-पहिले त्याग चेतना भएकाहरू भिक्षु बन्न आउँथे । अहिले चित्त शुद्ध नभएका भिक्षु बन्न आउन थाले र आचरण राम्रो नभएको भिक्षुहरूको संख्या बढेकोले । लाभ सत्कार धेरै भएकोले, घमण्डी विद्वानहरूको संख्या बढेकोले, परस्पर कर्तव्य पालन गर्नतिर ध्यान नदिई कलह गर्ने भएकोले नियम बढ्न थालेकोले अरहन्तहरूको संख्या घट्न थालेको ।

### प्रव्रज्या दिवस

प्रत्येक वर्ष मनाउँदै आइरहेको प्रव्रजित दिवस गत आषाढ १८ र १९ गते दुईदिन बनेपा ध्यानकुटीमा विभिन्न कार्यक्रम गरी मनाइयो । यसपाली नौलो र शिक्षात्मक कार्यक्रम बनाइएको थियो । १८ गते शुक्रबार बेलुकी अध्ययन गोष्ठीका सदस्यहरूले चतुब्रह्म विहार-मैत्री, करूणा, मुदिता र उपेक्षा विषयमा बोल्नुभयो । गोष्ठीका उपाध्यक्ष अगम्य कंसाकारले मैत्रीको बारेमा बोल्दै भन्नुभयो– मैत्री शब्दको अर्थ माया र ममता हो जुन क्रोध र पक्षपातबाट मुक्त हुन्छ । शान्तिको लागि नभै नहुने औषधि हो ।

अर्का सदस्या रचना शाक्यले करूणाको विषयमा भन्नुभयो– मानिसमा हुनुपर्ने गुणहरू मध्ये एक उत्तम गुण हो । जुनसुकै काम गर्दाखेरि करूणा चित्त राखी गर्न सके त्यसको परिणाम राम्रो हुने छ । करूणा भएको व्यक्तिले निस्वार्थ भावनाले अरूलाई सहयोग दिन्छ ।

अमृतरत्न ताम्राकारले मुदिताको व्याख्या उदाहरण सहित भन्नुहुँदै– मुदिता भनेको अरूको राम्रो प्रगति र अरूले राम्रो काम गरेको देखेर आफू पनि खुशी हुनु हो । जुन कि आजका स्वार्थी समाजमा पाउन सजिलो छैन भन्नुभयो ।

गोष्ठीका कोषाध्यक्ष मीनशोभा शाक्यले उपेक्षा बारेमा बोल्दै– उपेक्षा भनेको कुनै पनि सुख र दुःखको परिस्थितिमा उपेक्षा गुण भएमा विचलित नभई शान्त भएर बस्न सकिन्छ भन्नुभयो ।

अन्तमा पूज्य अश्वघोष भन्तेबाट र श्रद्धेय गुरुमाँ धम्मवतीबाट चतुब्रह्म विहारको बारेमा झन स्पष्टसँग व्याख्या गर्नुभयो ।

१९ गते विहान ५:३० बजे देखि ध्यान भावना, बुद्धपूजा, धर्मसम्वन्धी छलफल कार्यक्रम बनाई समयको सदुपयोग गरेको थियो । यस पालीको रोचक कार्यक्रम थियो प्रव्रजित जीवन सम्वन्धी उपलब्धि बारे परिसंवाद । मदनरत्न मानन्धरले रोचक ढंगमा कार्यक्रम संचालन गर्नुभयो । यसमा सहभागीहरू– अनगारिका अनुपमा, अमृत शोभा शाक्य, तारा डंगोल, श्यामलाल चित्रकार, अमृतरत्न ताम्राकार, जुजुमान महर्जन । अन्तमा भिक्षु अश्वघोष र धम्मवती गुरुमाहरूको धर्मदेशनापछि अगम्य कंसाकारले धन्यवाद दिनुभयो । स्मरणीय छ २०३५ सालमा अध्ययन गोष्ठीका १४ सदस्यहरू श्रामणेर प्रव्रजित भएको थियो ।



Downloaded from http://www.dhamma.digital

### भिक्षाटन

बर्माबाट नेपाल आउनुभै भिक्षु जटिलले विभिन्न दुर्गम जिल्लामा समेत जानुभै कतै बौद्ध जागरण प्रशिक्षण शिविर खोलि कतै विहार विहारमा बुद्धको शिक्षा प्रचार गरी धर्मदूतको काम गरी आउनु भएको छ । थेरवाद बौद्ध दायक केन्द्रीय परिषदको तर्फबाट लपु इलाबहीमा भएको धार्मिक समारोहमा उठाएको रु. ६००७/– असार २४ गते धर्मचक्र विहारमा अध्यक्ष बखतबहादुर चित्रकारले भिक्षु जटिललाई अर्पण गरियो । साथै के. दा. परिषदको सदस्य काजिलाल उपासक अध्यक्ष भएको ल.पु. इनापुखु टोलको मानव कल्याण सेवा समितिको सक्रियतामा ल.पु. ओकुबहा भिंन्छेबहाः, नागबाहा, च्यासल, लु.भु., बुबहा, सनागुठी, खोकना, चापागाउँ, सिद्धिपुर, ठेचो, काठमाडौंका बागबजार तथा भक्तपुरमा भिक्षु जटिल र श्रामणेरहरूद्वारा १४ दिनको भिक्षाटनबाट रु. १,५३,६०९/– को रकम प्राप्त भएको छ ।

### अनन्त लक्षण सूत्रको प्रवचन

युवा बौद्ध समूह काठमाडौंको आयोजनामा जनबहालको अगाडि मासंगल्ली स्थित प्रदिप्त पुस्तकालयमा भिक्षु सुशील संघारामद्वारा अनन्त लक्खण सूत्र बारेमा प्रवचन दिनुभयो । प्रवचन पछि अनित्य, दु:ख र अनात्म बारेमा प्रश्नोत्तर कार्यक्रम भएको समाचार प्राप्त भएको छ । युवा बौद्ध समूहका अध्यक्ष शान्तिरत्न शाक्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपाध्यक्ष त्रिरत्न मानन्धरले स्वागत भाषण दिनुभएको थियो भने त्रिरत्न तुलाधरले धन्यवाद दिनुभएको थियो । उक्त कार्यक्रममा सहभागी सबैलाई चिनकाजी ताम्राकारले बुद्धको तस्वीर एउटा एउटा वितरण गर्नुभयो । सचिव मदन तुलाधरले कार्यक्रम संचालन गर्नुभएको थियो ।

### आनन्दकुटीमा प्रवचन

अमृत बौद्ध धर्म स्कूल आनन्दकुटीमा भएको प्रवचन कार्यक्रममा मित्र सुशोभन (लक्ष्मण शाक्य) ले धर्म विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो– धर्म कुनै मन्दिर, विहार, गुम्बा, मस्जिदमा र चर्चमा हुँदैन । मन नै धर्मको थलो हो । मन पवित्र भए जहाँ पनि धर्म हुन्छ । धर्म भनेको जीवन जिउने कला हो । धर्म बिना सभ्यता र सँस्कृतिको अस्तित्व रहँदैन ।

### २५८८ औं धर्मचक्र प्रवर्तन दिवस

नगदेश बौद्ध समूह र धर्मोदय सभा, मध्यपुर थिमि नगर शाखा नगदेशको संयुक्त आयोजनामा गुरु पूर्णिमा (असार पूर्णिमा) को दिनमा नगदेश बुद्ध विहारमा २५८८ औं धर्मचक्र प्रवर्तन दिवस मनाउने क्रममा बुद्ध पूजा गरी श्रद्धेय भिक्षु वरसम्बोधिज्यूले धर्मोपदेश गर्नुभयो । उक्त कार्यक्रमका अध्यक्षता बौद्ध समूहका अध्यक्ष श्री ज्ञानकुमार बाडेले गर्नुभएको थियो । यसै क्रममा श्रद्धेय भन्ते वरसम्बोधिज्यूको करकमलबाट ठूलो बौद्ध झण्डा फहराई झण्डोत्तोलन गर्नुभएको थियो । सोही समारोहमा समूहका सचिव श्री कृष्णकुमार प्रजापतिले बौद्ध जगतमा असार पूर्णिमाको महत्व धेरै भएको चर्चा गर्नुभयो । भगवान् बुद्धले बुद्धत्व प्राप्त गरी सर्व प्रथम धर्मोपदेश गरी “शास्ता” (गुरु) बन्नु हुनु भएकोले पनि यस पूर्णिमालाई गुरु पूर्णिमा भनिएको चर्चा समेत गर्नुभएको थियो । तसर्थ भगवान् बुद्धलाई बौद्ध उपासक-उपासिकाहरूले “हे, शास्ता !” (हे, गुरु !) भनी सम्बोधन गर्ने गरिन्छ । २५८८ औं धर्मचक्र प्रवर्तन दिवसको क्रममा धिमे बाजा, ज्ञानमाला भजन खलः, सिद्धार्थ मेमोरियल ईङ्गलिस स्कूलका विद्यार्थीहरू र विहारका उपासक-उपासिकाहरू सहितको साँस्कृतिक जुलुसले नगदेश परिक्रमा गरियो भने सोही जुलुसमा “२५८८ औं धर्मचक्र प्रवर्तन दिवस मनाऔं ! अनित्य, दु:ख र अनात्मको अर्थ र मर्म बुझी सम्यक जीवन यापन गरौं !” भन्ने पर्चा पनि वितरण गरियो ।

### प्रवचन कार्यक्रम

१२ श्रावण २०५६ । भोजपुर टक्सार बौद्ध संस्कार गुठीको आयोजनामा आषाढ पूर्णिमाको महत्वबारे उक्त गुठीका सदस्य संघरत्न शाक्यको निवास कलंकीमा एक प्रवचन कार्यक्रम भएको थियो । उक्त कार्यक्रम ज्ञान माला भजनबाट शुरू भएको थियो । त्यसपछि गुठीका सदस्य खड्गरत्न शाक्यद्वारा संचालन गरिएको उक्त कार्यक्रममा सचिव भिम शाक्य, उपाध्यक्ष हिरालाल शाक्य, सदस्यहरूमा लक्ष्मण उदास, संघरत्न शाक्यले आषाढ पूर्णिमाको महत्व दर्शाउदै भन्नुभयो– आजकै दिन सिद्धार्थ



Downloaded from http://www.dhamma.digital

गौतमको गर्भ प्रवेश, राजदरबारको सुख भोग त्यागी ज्ञानको खोजमा गृह त्याग, बुद्धत्वलाभ पछि सर्वप्रथम सारनाथमा धर्मदेशना गर्नुभएको इत्यादि घटनाहरू घटेको हो । भिक्षुहरूको एउटै विहारमा पर्षावास गर्ने परम्पराको थालनी भएको आजकै दिनबाट हो । उक्त कार्यक्रममा गुठीको लागि संघरत्न शाक्यले प्रज्ञानन्द स्मृति ग्रन्थ एक पुस्तक पनि प्रदान गर्नुको साथै सबैलाई भोजन प्रदान गर्नुभएको थियो ।

### शतवार्षिक उत्सवमा उपसम्पदा कार्य

दिवंगत संघ महानायक प्रज्ञानन्द महास्थविरको वर्ष भरीमै अधिराज्यभरका विभिन्न विहारहरूमा विविध कार्यक्रमका साथ शतवार्षिक उत्सव मनाउने क्रममा कीर्तिपुर स्थित नगर मण्डप श्रीकीर्ति विहारमा उपसम्पदा भिक्षु बनाउने कार्य र शाक्यसिंह विहारमा श्रामणेर अनगारिका गर्ने कार्य सम्पन्न भयो । शतवार्षिकको उपलक्ष्यमा दुर्लभ भिक्षु, श्रामणेर, अनगारिका र ऋषि प्रव्रजित १०० जना हुने कार्यक्रम थाइलैण्डबाट पाल्नु भएका परमपूज्य सोमदेच फ्रा. महाराज मंगलाचारियको उपज्झायत्वमा भएको हो ।

श्रीकीर्ति विहारमा विहार-प्रमुख भिक्षु सुदर्शन महास्थविरले फ्रा. महाराज मंगलाचारियको हार्दिक स्वागत गर्दै राष्ट्रिय संग्रहालय स्थित सिद्धार्थ-जन्म मूर्तिको प्रतिकृति र बुद्धमूर्तिहरू चढाई पूजा गरेको थियो र शाही थाइ राजदूत र थाइ परिवारले भिक्षु संघलाई भोजन दान गरेको थियो ।

वाणिज्यमन्त्री श्री रामकृष्ण ताम्राकारज्यूसंग श्रीकीर्ति विहारमा भएको भेंटवार्तामा लुम्बिनी विकास योजना बारेमा मंगलाचारिय चर्चा भएको पनि समाचार छ ।

### धर्मचक्र प्रवर्तन दिवस

२०५६ श्रावण १२ गते । आषाढ पूर्णिमाको उपलक्ष्यमा २५८८ औं धर्मचक्र प्रवर्तन दिवस समारोह समिति मुसुं बहाल बरननि खल:को आयोजनामा एउटा भव्य समारोह सम्पन्न गरिएको समाचार छ । उक्त पूर्णिमाको दिन सिद्धार्थ गौतमले बुद्धत्व प्राप्ति पछि सर्वप्रथम भवचक्रबाट मुक्त हुने मध्यम मार्गको उपदेश दिनुभएको थियो । मध्यम मार्ग भनेको अति विलाशी जीवन र दु:खी कष्टमय जीवनको बीच बाटो हो । यसमा लाग्नको लागि मानिसको चित्त फुक्का हुनुपर्छ, संकीर्ण विचार हुनु हुँदैन, ठीक समझदारी हुनुपर्छ । परम्परागत हाहामा लाग्नु हुँदैन । भवचक्रबाट मुक्त हुने यस्ता आर्य अष्टाङ्गिक मार्गको व्याख्या गर्नुभएको दिन भएकोले आषाढ पूर्णिमाको महत्व रहेको हो । उक्त दिन धर्मचक्र प्रवर्तन दिवस समारोहले भव्य शोभायात्राको आयोजना गर्नुभएको थियो ।

### विहार तथा चैत्य निर्माणलाई जग्गा दान

गोरखा । आषाढ पूर्णिमा, धर्मचक्र प्रवर्तन दिवसको पावन उपलक्ष्यमा गोरखा बजार पोखरी थोक निवासी श्री भोलारत्न शाक्य र उहाँको परिवारले गोरखाको ऐतिहासिक पृथ्वीनारायण शाहको कालिका दरवारको पश्चिमभेक स्थित मैदान डाँडाबारीको चलन चल्ती अनुसार रु. ५,००,०००/– मूल्य पर्ने कम्तिमा १ रोपनी जग्गा बौद्ध विहार तथा चैत्य निर्माणको लागि विशेष समारोह बीच दान गर्नुभयो । जग्गा दाता भोलारत्न शाक्यले दान गर्ने जमीनको माटो भिक्षुसंघ प्रमुख भिक्षु विशुद्धानन्दलाई दान गर्नु भएपछि भिक्षु संघले उक्त भूमि गोरखा बौद्ध समूहका अध्यक्ष मोहनरत्न शाक्यलाई हस्तान्तरण गर्नुभयो ।

बौद्ध सँस्कृति अनुसार शील प्रार्थना, बुद्धपूजा र भिक्षु संघबाट परित्राण पाठ पछि शुभारम्भ भएको प्रथम चरणको धर्मदेशना कार्यक्रममा भिक्षु कौण्डन्यले भूमिदानको महत्वबारे संक्षिप्त चर्चा गर्नुहुँदै बुद्ध शिक्षा प्रचारार्थ भएको भूमि दानले ऐतिहासिक गोरखाको श्रीवृद्धिमा अर्को महत्वपूर्ण टेवा पुग्ने आत्मविश्वास व्यक्त गर्नुभयो ।

त्यस समारोहमा जिल्ला विकास समितिका सभापति श्री चेतमान श्रेष्ठ, तमु छों ज धिंका अध्यक्ष श्री जगन गुरुङ्ग समाज सेवी मोहनलाल श्रेष्ठ, आध्यात्मजन जयराम श्रेष्ठले शुभेच्छा प्रकट गर्नुभएको थियो ।

दोश्रो चरणमा भएको धर्मदेशना कार्यक्रममा भिक्षु धर्ममूर्तिले धर्मचक्र प्रवर्तन दिवसको महत्व माथि विस्तार पूर्वक बताउनु भयो ।

यसै गरी भिक्षु विशुद्धानन्दले भूमिदानको महत्वलाई दर्शाउनु हुँदै त्यस दानको उपयोगले समाजमा एकजना



Downloaded from http://www.dhamma.digital

मात्रले पनि दुःखबाट विमुक्त हुने मार्ग पहिल्याउन सक्यो भने त्यो भन्दा ठूलो मूल्य केही नहुने बताउनु भयो । आफ्नो बोल्ने क्रममा मैत्री संघ, पोखराका अध्यक्ष विश्वरत्न शाक्यले जमीन उर्वर भूमि हो । त्यस उर्वर भूमिमा सही धर्मबीज बिजारोपण हुन सके र सबैबाट मलजल पुग्न सके त्यो धर्मबीजबाट पुण्यफल फल्न सक्ने बताउनु हुँदै धर्मदानको सदुपयोगमा जुट्न सबैसँग आग्रह गर्नुभयो ।

धर्मचक्र प्रवर्तन दिवसको पावन उपलक्ष्यमा आयोजित त्यस कार्यक्रममा सहभागी हुन काठमाडौंबाट भिक्षु विशुद्धानन्द, भिक्षु कौन्डण्य (संघाराम), भिक्षु धर्ममूर्ति (आनन्दकुटी विहार), भिक्षु नेग्रोध (विश्व शान्ति विहार, बानेश्वर) आउनु भएको थियो भने पोखराबाट भिक्षु श्रद्धानन्द (धर्मशीला बुद्ध विहार) र मैत्री संघ पोखराका अध्यक्ष विश्वरत्न शाक्य आउनु भएको थियो ।

दुवै चरणमा भएका कार्यक्रमलाई गोरखा बौद्ध समूहका अध्यक्ष मोहनरत्न शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## बुद्ध शिक्षा सम्बन्धि कविता प्रतियोगिता

२०५६ श्रावण १५ गते बाल बौद्ध जागरण समूह (चापागाउँ) वादद्वारा ज्योति विहारमा परियत्ति शिक्षा अध्ययनरत विद्यार्थीहरू बीच "बुद्ध धर्म" सम्बन्धि कविता प्रतियोगिता सम्पन्न भयो । उक्त प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेहरू क्रमशः नरेन्द्र देशार, प्रसा श्रेष्ठ, रश्मीला देशार, किशोर देशार, गंगा देशार र वीणा श्रेष्ठलाई विहारका संरक्षक कुमार देशारद्वारा पुरस्कार वितरण गर्नुभयो ।

उक्त प्रतियोगितामा ज्योतिदय संघ, बाल बौद्ध जागरण समूह र बाल बौद्ध समूहका पदाधिकारीहरूद्वारा पनि कविता वाचन गर्नुभएको थियो भने प्रतियोगितामा ज्योतिदय संघका अध्यक्ष सुरेन्द्रमान शाक्यज्यूले पनि कविता वाचन गर्नुभएको थियो । उक्त कार्यक्रम राजेश देशारले चलाउनु भएको थियो ।

## बुद्धघोष महास्थविरयात पदवी "अग्गमहासद्धम्मजोतिक ध्वज" पद

राज्य व शान्ति तथा विकास काउन्सिल दँय्‌दसं बिइगु "अग्गसद्धम्मजोतिक ध्वज" उपाधि थुगुसी नेपाःया भिक्षु बुद्धघोष महास्थविरयात बसपोल च्वना बिज्याइगु सुमंगल विहारे म्हिगः छगू ज्याझ्वःया दथुइ म्यानमारया राजदूत ऊ टिन बिनं लःल्हानादिल ।

राजदूतपाखें भगवानया न्ह्योःने मत च्याकाः उलेज्या नापं म्यानमारया चलन कथं न्ह्याःगु थुगु ज्याझ्वले संघनायक अनिरुद्ध महास्थविर समक्ष पंचशील प्रार्थना जूगु खः ।

न्वचु बिइगु झ्वलय् म्यानमारया राजदूतं महाथेरपिनिगु ज्या म्हसीका मानव समाजयात सत्य धर्मया लँपु क्यनिपिं सुं गुम्हेसित नं बुद्धया पालय् बुद्धं "एतदग्ग" उपाधि बिइगु खः । पुज्यपिनिगु पूजा यायेगु मंगल खः धइगु मंगल सूत्र कथं बुद्ध परिनिर्वाण लिपा जुजुपिन्सं धर्मया रक्षक जुया बिज्याःपिं बसपोल भन्तेपिन्त आदर याना बयाच्वंगु दु धकाः धयादिल ।

ज्याझ्वलय् जापानी राजदूत तामोयोको यानसे, थाई राजदूत प्रिचा पतिशान्त, रसियन फेडरेशनया डा. निकोल लिस्पोपदोभ, पपुलेशन डेभलपमेन्टया डा. ग्लेन एल. पोष्ट, नेपाल मेम्बर अफ फेडरेशनशिप एशोसियशनया आर.एम.प्रधान, यल क्षेत्र नं. २ या सांसद कृष्णलाल महर्जन, यल उपमनपाया मेयर बुद्धिराज बज्राचार्य, सुमंगल विहार समितिया महेन्द्ररत्न शाक्य व देवबहादुर शाक्यपिन्सं भिक्षुपिन्त चीवर लःल्हानादीगु खः ।

## श्रामणेर संघरक्षित उपसम्पन्न जुल

वंगु आषाढ ३२ गते आनन्दकुटी विहारया उपोसथागारे संघनायक पूज्य भिक्षु अनिरूद्ध महास्थविरया उपाध्यायत्वे व भिक्षु अश्वघोष महास्थ-विरया आचार्यत्वे अले अ. धम्मदिन्ना (चमेलीया) दायकत्वे श्रामणेर संघरक्षित उपसम्पन्न जुया भिक्षु जुल ।

कम्मवाचाचार्यपिं: भिक्षु अश्वघोष, भिक्षु कुमार काश्यप, भिक्षु बोधिसेन, भिक्षु गुणघोष ।

संघरक्षित लुभुया बाबुकाजी, रत्नमाया महर्जन पिनि पुत्र रत्न खः ।

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

# बिचा: हायुका

❀❀❀❀❀❀❀❀❀❀❀❀

**अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो ।**
**उपज्जित्वा निरूज्झन्ति, तेसं ऊपसमो सुखो ॥**



*बुदिं :*
वि.सं. १९७५ पौष
शुक्ल अष्टमी

*मदुगु दिं :*
वि.सं. २०५६ आषाढ
कृष्ण पन्चमी १९ गते

## मदुम्ह: माया देवी स्थापित

**धर्मकीर्ति पत्रिकाया विशेष सदस्य मखने च्वंम्ह मय्जु मायादेवी स्थापित मदुगुलिं दु:खं क:पिं छँज:पिन्सं संसार अनित्य ख: धका थुइके फय्मा धका विचा हाय्का !**

धर्मकीर्ति पत्रिका

## हाजिर जवाफ कार्यक्रम

धर्मकीर्ति, २०५६ श्रावण १ गते धर्मकीर्ति विहारमा बुद्ध पूजाका बीच एक हाजिर जवाफ प्रतियोगिता सम्पन्न भयो । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा आयोजित उक्त कार्यक्रममा सहभागी तीन समूहहरूमा प्रथम स्थानमा बुद्ध समूहका मचाकाजी, सानुकाजी र सुगतमान, दोश्रा स्थानमा धर्म समूहका अष्टमाया, नानीहेरा, सुर्जलक्ष्मी त्यस्तै तेश्रा स्थानमा संघ समूहका तारादेवी बज्राचार्य, रामदेवी र अनिता हुनु भएका थिए ।

उक्त कार्यक्रममा गृही विनय, संक्षिप्त बुद्ध जीवनी, बुद्ध पूजा विधि र कथा संग्रह, बुद्ध धर्म सम्वन्धी विविध सामान्य ज्ञान लगायत धर्मकीर्ति विहारका गतिविधिका बारेमा प्रश्नहरू सोधिएका थिए ।

भिक्षु अश्वघोष महास्थविर, अ.मा. गुणवती, अ. धम्मवती जज बोर्ड रहनु भएको उक्त कार्यक्रममा क्वीज माष्टरद्वय श्री ज्ञानेन्द्र महर्जन र श्री ध्रुवरत्न स्थापित हुनुहुन्थ्यो । यस्तै टाइम किपरमा श्री ध्रुवराज कर्णिकार, स्कोर बोर्डमा श्री संजय महर्जन, संचालनमा श्री इन्द्रकुमार नकर्मी र माइक संचालनमा सुश्री मायादेवी महर्जन हुनुहुन्थ्यो ।

भिक्षु अश्वघोष महास्थविरद्वारा वितरित पुरस्कार धर्मकीर्ति विहारका गुरुमांहरू र अध्ययन गोष्ठीले प्रायोजन गरेका थिए ।

धर्मकीर्त विहारका विविध गतिविधिहरू मध्ये एक रहेको यस्ता हाजिर जवाफ कार्यक्रमले बुद्ध धर्म अध्ययनमा अझ विकास र प्रवर्धनमा अझ टेवा पुऱ्याउने छ भन्नुमा कसैको दुई मत नहोला ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, ... २५८६७८
Downloaded from http://www.dhamma.digital